सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१० असार २०८२, मंगलबार (24 June 2025, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ७२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

धान रोप्ने वेला मलको हाहाकार

धान रोप्ने सिजनका लागि कम्तीमा दुई लाख ३० हजार टन मल माग छ, तर सरकारी गोदाममा ७० टन मात्रै युरिया र डिएपी मौज्दात, मल अभाव खड्किँदा रोकियो किसानको रोपाइँ



सिराहाको गोलबजार नगरपालिका- ४, निपनियाँकी ४७ वर्षीया श्रीमाया तामाङले करिब एक बिघा जमिन रोपाइँका लागि बिउ तयार पारिसकेकी छिन्। तर, रोपाइँअघि छर्नुपर्ने डिएपी मल नपाउँदा मेलो धकेलिएको छ। 'दुई बोराजति डिएपीका लागि गाउँनजिकै रहेको कृषि सहकारीमा पटक-पटक गएँ, तर छैन भनेपछि रित्तो हात फर्किएँ,' उनले भनिन्, 'स्थानीय मल व्यापारीले त्यही अनुदानको डिएपी प्रतिकिलो ७० देखि ८० रुपैयाँसम्म बेचिरहेका छन्।'



मोरङको रंगेली नगरपालिका- ६ का सतिशकुमार मण्डलले पनि सात बिघामा मल अभावकै कारण रोपाइँ गर्न सकिरहेका छैनन्। 'मलका लागि बिहानैदेखि सिंगो परिवार दिनभरि लाइन लाग्दा पनि भनेजति पाएको छैन। वडाले पनि टोकन प्रणाली लगाउँछ। अति भएपछि भारतबाट अवैध रूपमा आयात भएको मल किन्न बाध्य छौं,' उनले भने।

देशभरबाट किसानको गुनासो छ- मल पाइएन, **कृषिमन्त्री संसद्‌बाट भन्दै छन्- अभाव हुँदैन**



कृषिमन्त्री रामनाथ अधिकारी

चालू आव ०८१/८२ मा रासायनिक मल आयातका लागि २७ अर्ब ९.५ करोड बजेट विनियोजन भएकोमा पाँच लाख ५० हजार मेट्रिक टन आयातका लागि टेन्डर भई हालसम्म तीन लाख ४५ हजार मेट्रिक टन आइसकेको छ। गत वर्षको बाँकीसमेत गरी तीन लाख ९१ हजार मेट्रिक टन वितरण गरिएको छ भने अब ६४ हजार मेट्रिक टन मौज्दात छ। थप आयातको क्रममा रहेको एक लाख १२ हजार मेट्रिक टन असार मसान्तसम्म आइसक्छ। धान रोपाइँका लागि ६० हजार मेट्रिक टन युरिया र ७० हजार मेट्रिक टन डिएपी आवश्यक पर्ने भएकाले मौज्दातमा रहेको र आयातको क्रममा रहेकोबाटै माग पूरा हुने देखिन्छ।

कञ्चनपुरमा **मोहन विष्ट**, विराटनगरमा **गणेश लम्साल**, लहानमा **मणिलाल विश्वकर्मा**, काठमाडौंमा **अजित अधिकारी**

यो वर्षको धान रोपाइँ सुरु भइसकेको छ। पूर्वदेखि सुदूरपश्चिमसम्मकै तराई क्षेत्र र काठमाडौं उपत्यकाको काँठ क्षेत्रमा धमाधम रोपाइँ चलिरहेको छ। तर, आवश्यक रासायनिक मल नपाउँदा किसानहरू मारमा परेका छन्। कृषि मन्त्रालयका अनुसार बर्खे धान रोप्न र हुर्काउन कम्तीमा दुई लाख ३० हजार टन रासायनिक मल माग छ। तर, मन्त्रालयसँग ७० हजार टन मात्रै मल मौज्दात छ।

धान सिजनका लागि कम्तीमा डेढ लाख टन युरिया र ८० हजार टन डिएपीको खपत हुन्छ। तर, गोदाममा युरिया ३१ हजार आठ सय ९३ टन, डिएपी २९ हजार ४८ टन र पोटास नौ हजार ५७७ टन रहेको मन्त्रालयले जनाएको छ। बाटोमा ६४ हजार टन युरिया आउने क्रममा छ। थप मल आपूर्तिको सुनिश्चितता नहुँदा किसान विगतजस्तै मलविना नै रोपाइँ गर्नुपर्ने बाध्यतामा छन्।

» पृष्ठ २ मा क्रमशः

मल अभावलगायत समस्याले बर्सेनि घट्दै छ धानखेती हुने क्षेत्रफल

समयमै मल, बिउ नपाउने, उत्पादन घट्ने र उत्पादित उपजले उचित मूल्य नपाउनेलगायत समस्याका कारण धानखेतीबाट किसानले उचित लाभ पाउन सकेका छैनन्। जसकारण देशकै प्रमुख खाद्यबाली धानको उत्पादन क्षेत्रफल नै बर्सेनि घटिरहेको छ। गत आव ०८०/८१ मा मात्रै अघिल्लो वर्षको तुलनामा झन्डै १० हजारभन्दा कम क्षेत्रफलमा रोपाइँ भएको थियो।

गत वर्ष १४ लाख ३८ हजार ९८९ हेक्टरमा रोपाइँ भएकामा अघिल्लो वर्ष ०७९/८० मा १४ लाख ४७ हजार ७८९ हेक्टरमा रोपाइँ भएको कृषि विभागको तथ्यांक छ। त्यस्तै, ०७८/७९ मा १४ लाख ७७ हजार, ०७७/७८ मा १४ लाख ७३ हजार र ०७६/७७ मा १४ लाख ५८ हजार हेक्टरमा रोपाइँ भएको विभागको तथ्यांक छ। १० वर्षअघि १५ लाख ३१ हजार हेक्टर क्षेत्रफलमा रोपाइँ भएको तथ्यांक छ। तर, मल अभावलगायतका समस्याले धानखेतीतर्फ किसानको असन्तुष्टि चुलिँदै गएको छ।

खेती हुने क्षेत्रफलमा सुधार नहुँदा समग्र उत्पादनमा पनि असर परेको छ। यद्यपि, उत्पादकत्वमा भएको सुधारले धान उत्पादनमा गिरावट भने आएको छैन। तर, खान पुग्ने धान उत्पादन नहुँदा बर्सेनि ४० अर्ब रुपैयाँभन्दा बढीको चामल आयात गर्नुपर्ने बाध्यता छ।

कृषि मन्त्रालयका अनुसार ०८०/८१ मा ५७ लाख २४ हजार २३४ टन धान उत्पादन भएको थियो। जुन, हालसम्मकै उच्च उत्पादन हो। तर, उत्पादित धानले माग धान्न नसकेर चालू आवको वैशाखसम्म ३५ अर्ब १८ करोडको धान-चामल आयात भइसकेको राष्ट्र बैंकको तथ्यांक छ।

■ कतारस्थित अमेरिकी सैन्य अड्डामा इरानको हमला

करिब साढे तीन लाख नेपाली त्रासमा



सोमबार राति कतारको दोहास्थित अमेरिकी सैन्य अड्डामा इरानको मिसाइल आक्रमण। तस्बिर : रोयटर्स

सुभाष शर्मा, कृष्ण रिजाल

इरानले सोमबार राति कतारको दोहास्थित अमेरिकी सैन्य अड्डा (अल उदिद एयर बेस)लक्षित मिसाइल हमला गरेको छ। अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले यसलाई अमेरिकाविरुद्ध इरानको 'प्रतीकात्मक' आक्रमण भनेका छन्। त्यसैले तनाव नबढ्ने उनीहरूको आकलन छ।

कतारमा करिब साढे तीन लाख नेपाली कार्यरत छन्। इरानको आक्रमणपछि उनीहरूमा डर र त्रास बढेको छ। कतारस्थित नेपाली दूतावासले उनीहरूलाई सतर्क रहन सूचना जारी गरेको छ।

कतारको अल उदिद एयर बेसमा रहेको अमेरिकी सेनामाथि आक्रमण गरेको इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आइआरजिसी)लाई उद्धृत गर्दै तस्निम समाचार एजेन्सीले जनाएको छ। अमेरिकाले इरानका परमाणु केन्द्रमा हवाई हमला गरेपछि इरानले मिसाइलमार्फत कतार र इराकमा रहेका अमेरिकी सैन्य शिविरमा जवाफी आक्रमण गरेको हो। मिसाइल प्रहारमा कुनै मानवीय क्षति भएको छैन।

दोहास्थित आफ्नो हवाई आधारमा इरानले आक्रमण गरेको अमेरिकाले पुष्टि गरेको छ। कतारले पनि इरानी हमला भएको र आफ्नो वायु रक्षा प्रणालीले त्यसलाई असफल पारेको जनाएको छ। आक्रमणपछि कतारले आफ्नो हवाई सेवा बन्द गरेको छ। मध्यपूर्वका अन्य देशले पनि केही समय हवाई सेवा बन्द गरेका थिए।

सोमबार कतारको राजधानी दोहामा ज्वालाहरू देखिएका र सुरुमा यो हवाई रक्षा प्रणाली हो वा क्षेप्यास्त्र हो भनेर पत्ता लगाउन कतारलाई गाह्रो परेको अलजजिराले उल्लेख गरेको छ। मिसाइल प्रहारपछि ठुलो विस्फोट पनि सुनिएको थियो। तस्निम समाचार संस्थाका अनुसार इरानले उक्त कारबाहीलाई अमेरिकाविरुद्ध विजयको घोषणा भनेको छ।

भारतीयसँगै इरानबाट फर्किन मसाद पुगे ११ नेपाली, सबै एकसाथ आउन नपाउने

पृष्ठ २

इरानी सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्‌ले अल उदिद हवाई अड्डामा गरिएको क्षेप्यास्त्र आक्रमण कतारको आवासीय क्षेत्रहरूभन्दा टाढा भएको बताएको छ। इरानको पछिल्लो कदमले कतारसँगको सम्बन्धमा कुनै परिवर्तन नआउने तेहरानले जनाएको छ। 'मित्रवत् र भ्रातृ राष्ट्र कतार र यसका महान् जनतालाई कुनै खतरा छैन र इस्लामिक गणतन्त्र इरान कतारसँग न्यानो र ऐतिहासिक सम्बन्ध कायम राख्न र निरन्तरता दिन प्रतिबद्ध छ,' परिषद्‌ले एक विज्ञप्तिमा भनेको छ। कतारको विदेश मन्त्रालयका प्रवक्ता माजेद

» पृष्ठ २ मा क्रमशः


मिसाइल आक्रमणले नेपालीमा डर र त्रास सिर्जना भएको छ

राजेन्द्र कुमार (आरके) शर्मा
एनआरएन अभियन्ता, कतार



इरानी मिसाइल आक्रमणले यहाँ बस्ने नेपालीमा डर र त्रास पैदा गरेको छ। सचेत हुनुपर्ने अवस्था छ, आत्तिहाल्नुपर्नेचाहिँ देखिँदैन। कतार सरकारले सूचना जारी गर्दै नागरिकहरूलाई विकसित घटनाक्रमबारे आधिकारिक सूचना फलो गर्न र नआत्तिन आग्रह गरेको छ। नेपालीहरू कतारमा बस्न थालेको २५-३० वर्ष भयो। कतारमा पहिलोपटक मिसाइल आक्रमण भएका कारण त्रास भएको छ। कतारमा करिब साढे तीन लाख नेपाली छौं। कतारमा धेरै देशका नागरिक छन्। त्यसैले मानिसलक्षित आक्रमण हुँदैन भन्नेमा विश्वस्त छौं। एनआरएन अभियन्ता र दोहास्थित दूतावास नेपालीहरूको बारेमा जानकारी लिइरहेका छौं। आवश्यक सहयोग गर्न अग्रसर छौं।

कतारस्थित नेपाली दूतावासले भन्यो- सतर्क रहनू



कतारस्थित नेपाली दूतावासले सूचना जारी गर्दै त्यहाँ रहेका नेपालीलाई सतर्क रहन भनेको छ। कतारमा साढे तीन लाख नेपाली रहेको अनुमान छ।

'वर्तमान परिस्थितिलाई मध्यनजर गर्दै कतारमा रहेका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई सतर्क रहन र यथास्थानमै रहन आग्रह गर्दछौं। कृपया शान्तपूर्वक रहन र कतार सरकारको आधिकारिक सूचना र निर्देशन पालना गर्न अनुरोध गर्दछौं। नेपाली राजदूतावास, दोहा कतारमा रहनुभएका सबै नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूका सदैव साथमा रहेको व्यहोरासमेत अवगत गराउन चाहन्छौं,' सूचनामा भनिएको छ। इजरायल र इरान द्वन्द्वबिच अमेरिकाले इरानतर्फ आक्रमण तेज पारेपछि इरानले सोमबार जवाफी हमलास्वरूप कतारस्थित अमेरिकी सैन्य अड्डामा हवाई हमला गरेको हो।

उच्चका दुईसहित जिल्लाका तीन न्यायाधीश न्यायपरिषद्‌को छानबिनमा

शिल्पा कर्ण/नयाँ पत्रिका

न्यायपरिषद्‌ले वैशाखयता तीन जिल्ला न्यायाधीश र दुई उच्च अदालतका गरी पाँच न्यायाधीशमाथि छानबिन थालेको छ। परिषद्‌मा उजुरी परेका न्यायाधीशलाई सर्वोच्चमा र परिषद्‌मै तानेर आवश्यक छानबिन भइरहेको परिषद्‌ले जनाएको छ।

जिल्ला अदालत रसुवा र जिल्ला अदालत दार्चुलामा कार्यरत भुवनसिंह थापा र पुष्पराज पाण्डेयमाथि उजुरी परेपछि परिषद्‌ले तानेको छ। स्रोतका अनुसार उनीहरू सर्वोच्चमा हाजिर भने भइसकेका

» पृष्ठ २ मा क्रमशः

आलमलाई सफाइ दिने न्यायाधीशद्वय थारू र महर्जनविरुद्ध न्यायपरिषद्‌मा अर्को उजुरी



न्यायाधीश **खुसीप्रसाद थारू** न्यायाधीश **अर्जुन महर्जन**

काठमाडौं/ ईंटाभट्टामा जिउँदै जलाएर व्यक्ति हत्या गरेको अभियोगमा जिल्ला अदालतबाट जन्मकैद सजाय पाएका पूर्वमन्त्री मोहम्मद अफताब आलमसहितका पाँच प्रतिवादीलाई सफाइ दिने उच्च अदालतका न्यायाधीशद्वय खुसीप्रसाद थारू र अर्जुन महर्जनविरुद्ध न्यायपरिषद्‌मा अर्को उजुरी परेको छ। उनीहरूविरुद्ध रौतहटका शैलेन्द्र साहले उजुरी दिएका हुन्। उजुरीमा साहले दुवै न्यायाधीशको कल डिटेल रिपोर्ट अध्ययन गर्न माग गरिएको छ। साहले कानुनमन्त्री अजय चौरसियाविरुद्ध पनि परिषद्‌मा उजुरी दिएका छन्। मन्त्री चौरसियाको आर्थिक चलखेल र दबाबपछि आलमसहितका प्रतिवादीलाई न्यायाधीशद्वय थारू र महर्जनले सफाइ दिएको भन्दै उनको पनि सिडिआर उतारी अध्ययन गरिनुपर्ने उजुरीमा भनिएको छ। 'अजय चौरसियाको दबाब र आर्थिक चलखेलसमेतका कारणले प्रतिवादीहरूलाई सफाइ दिएको भनी विभिन्न माध्यम र स्थानीयको गुनासो सुनिन आएकाले चौरसिया र न्यायाधीशद्वय थारू र महर्जनसमेतको कल डिटेल प्रतिवेदनसमेत झिकाई यस सम्बन्धमा जे बुझ्नुपर्ने हो बुझी निजहरूविरुद्ध अनुसन्धान गरियोस्,' साहको उजुरीमा उल्लेख छ।

कर्नर किक

● रविं मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

ग्लोबल
व्यवसाय
ऋण
व्यवसाय सुरु तथा विस्तार गर्नको लागि

आकर्षक ब्याजदर
३ कार्यदिन भित्र निर्णय





• परियोजना कर्जा
• अल्पकालीन/क्यास क्रेडिट कर्जा
• चालू पूँजी कर्जा
• स्थिर पूँजी कर्जा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

GLOBAL CONNECT
Call Us : +977-1-5970600
globalconnect@gibl.com.np

करिब साढे तीन...

पृष्ठ १ बाट क्रमशः

अल-अन्सारीले सामाजिक सञ्जाल एक्समार्फत कतारमा रहेका अमेरिकी सैन्य अड्डाहरूमा भएको इरानी आक्रमणको निन्दा गरेका छन् । 'हामी यसलाई कतारको सार्वभौमिकता, यसको हवाई क्षेत्र, अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्रसंघको चार्टरको गम्भीर उल्लंघनका रूपमा लिन्छौँ,' उनले भनेका छन् । प्रवक्ताका अनुसार कतारको हवाई रक्षा प्रणालीले इरानी मिसाइलहरू रोक्न सफल भएको छ ।

इरानबाट इराकमा रहेका अमेरिकी सैन्य अड्डालाई पनि लक्षित गरी मिसाइल प्रक्षेपण गरिएको अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै सिएनएनले जनाएको छ । अमेरिकाले ती मिसाइलहरूको ट्र्याकिङ गरिरहेको जनाइएको छ । तर, इराकको कुन आधार शिविरलाई हमला गरिएको छ भन्नेबारेमा केही खुलाइएको छैन । इरानी आक्रमण र अमेरिकाले चाल्ने कदमबारे अमेरिकी रक्षामन्त्री पिट हेगसेथ र जोइन्ड चिफ अफ स्टाफका अध्यक्ष ड्यान केनले घटनाक्रमलाई नजिकबाट निहालिरहेको अमेरिकी समाचार संस्था सिएनएनले जनाएको छ । तेहरानबाट अन्य हमला हुने आशंकामा दोहाको सशस्त्र सेनाले सतर्कता र सावधानी अपनाएको छ । सोमबारको हमला खाडीमा रहेका अमेरिकी अड्डाहरूविरुद्ध इरानी प्रतिशोधको सुरुवात मानिएको छ र यसले मध्यपूर्वमा थप अशान्ति चर्किने संकेत गरेको छ ।

इरानी आक्रमणको अमेरिकाले कस्तो प्रतिक्रिया दिने हो भन्ने चासो छ । इरानी हमलालगत्तै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उच्च सुरक्षा अधिकारीसँग परामर्श थालेका छन् । यद्यपि, इरान यसभन्दा अगाडि नबढे जवाफी कारबाही नगर्ने अमेरिकी अधिकारीलाई उद्धृत गर्दै कतिपय अन्तर्राष्ट्रिय समाचार संस्थाले प्रसारण गरेका छन् । अल उदिद मध्यपूर्वमा रहेको सबैभन्दा ठुलो अमेरिकी सैन्य अड्डा हो, जुन १९९६ मा स्थापित भएको थियो । यस अड्डामा लगभग १०० विमानका साथै ड्रोनहरू पनि छन् । करिब १० हजार सैनिक बस्ने यो अड्डाले अमेरिकी केन्द्रीय कमान्डका लागि अग्रणी मुख्यालयको रूपमा काम गर्दछ । हालैमा दिनमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प कतार भ्रमणका क्रममा अल उदिद सैन्य अड्डा गएका थिए ।

भारतीयसँगै इरानबाट फर्किन मसाद पुगे ११ नेपाली, सबै एकसाथ आउन नपाउने

इरानको मसाद पुगेर उद्धारको पर्खाइमा रहेका ११ नेपाली एकसाथ आउन नपाउने भएका छन् । केहीको कागजी समस्याका कारण उद्धारमा ढिलाइ हुने भएको हो । भारतीय दूतावासको समन्वयमा इरानका विभिन्न ठाउँबाट उनीहरू सोमबार बिहान मसाद पुगेर उद्धारको पर्खाइमा छन् । ११ मध्ये केहीको मंगलबार उद्धार हुने परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले बताए । 'मसाद सहर पुगेका ११ मध्ये केहीको मंगलबार उद्धार हुन्छ । अन्यको पनि कागजी समस्या टुंगिएपछि उद्धार हुनेछ,' प्रवक्ता क्षेत्रीले भने, 'भारतीय दूतावासको सहयोगमा उद्धार हुने उहाँहरू भारत हुँदै स्वदेश फर्किनुहुनेछ ।' भारतले इरानबाट आफ्ना नागरिकलाई चार्टर उडानबाट उद्धार गर्दै आएको छ जसको नाम अपरेसन सिन्धु भनिएको छ ।

इरानबाट उद्धार हुन लागेका नेपालीहरू विष्णुप्रसाद भुसाल, बुद्धि भुसाल, सागर पौडेल, गणेश पोखरेल, विष्णु बन्जाडे, राजु खनाल, सुमन गैरे, यज्ञ मरासिनी, हरि थापा, गायत्री कार्की र उत्सव थापा छन् । तर, उनीहरूमध्ये कागजी समस्या क-कसको छ भन्ने खुल्न सकेको छैन ।

परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले इरानस्थित भारतीय दूतावासको सहयोगमा त्यहाँबाट ११ नेपाली फर्काउने प्रक्रिया सुरु भएको सोमबार संसद्लाई जानकारी गराइन् । 'इरानस्थित भारतीय राजदूतावासको सहयोगमा ११ जनालाई नेपाल फर्काउने प्रक्रिया सुरु भएको छ । बाँकी पाँचजना अध्यागमन कानुनका कारण थुनामा रहेकाले कागजी प्रक्रिया पूरा गरी स्वदेश फर्काउन दोहास्थित नेपाली राजदूतावासमार्फत पहल गरिरहेका छौँ,' उनले भनिन् ।

अध्यागमन कानुनसम्बन्धी मुद्दामा तेहरानस्थित थुनामा रहेका महेश डाँगी, बालकृष्ण खड्का, पुष्कर खत्री, मदन डाँगी र गोविन्द डाँगीको रिहाइ र उद्धारका लागि पनि हरसम्भव प्रयास भइरहेको सरकारले जनाएको छ ।

इजरायलमा ९१८ नेपाली सम्पर्कमा, फर्किन चाहने ३५ मात्रै

इजरायलमा रहेका नेपालीमध्ये सोमबारसम्म नेपाली दूतावासको विद्युतीय दर्ता फारममा ९१८ जनाले नाम दर्ता गराएका छन् । 'यो स्वदेश फर्कन चाहनेको संख्या होइन, दूतावासको सम्पर्कमा आउनुभएका नेपालीहरूको संख्या हो । स्वदेश फर्किन पाए हुन्थ्यो भन्ने संख्या हालसम्म ३५ हाराहारीमा मात्र छ,' परराष्ट्र प्रवक्ता क्षेत्रीले भने, 'तर, हामीले हरेक परिस्थितिको गम्भीरतापूर्वक अध्ययन गरेका छौँ र हरसम्भव कदम चाल्नुपरेमा त्यसका लागि सामर्थ्यले भ्याएसम्मको तयारी गरिरहेका छौँ ।' इजरायलमा ५५ सयदेखि सात हजार नेपाली रहेको अनुमान छ ।

धान रोप्ने...

पृष्ठ १ बाट क्रमशः

कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका- १, कालगौडीका किसान मोहन दमाईं बिउ राख्ने वेलादेखि रासायनिक मलका लागि भौँतारिए पनि नपाएको बताउँछन् । 'मेरो ५ कट्ठा जमिन छ, त्यसमा १ बोरा मल चाहिन्छ, तर पाउन सकेको छैन,' उनले भने, 'सहकारीमा जाँदा आज आएको छैन भन्दै फिर्ता गरिदियो, एग्रोभेटमा जाँदा पनि त्यही भन्यो, मल नभएर खेतमा रोपाइँ गरेको छैन ।'

पूर्वी जिल्ला मोरङका किसानको हालत उस्तै छ । रंगेली नगरपालिका- ६ का सतिशकुमार मण्डलले पनि सात बिघा जग्गामा मल अभावकै कारण रोपाइँ गर्न सकिरहेका छैनन् । 'मलका लागि बिहानैदेखि सिंगो परिवार दिनभरि लाइन लाग्दा पनि भनेजति मल पाएको छैन । वडाले पनि टोकन प्रणाली लगाउँछ । वाक्क भएर हामी भारतबाट अवैध रूपमा आयात भएको मल नै खरिद गरेर प्रयोग गर्न बाध्य छौँ,' उनले भने ।

मल अभावकै कारण पूर्वी मधेशका किसानको धान रोपाइँ नै रोकिएको छ । सिराहाको गोलबजार नगरपालिका- ४, निपनियाँकी ४७ वर्षीया श्रीमाया तामाङले करिब एक बिघा जमिनमा धान रोपाइँका लागि बिउसमेत तयार भइसकेको, तर रोपाइँअघि नै छर्नुपर्ने डिएपी मल नपाएको बताइन् । 'दुई बोरा जति डिएपीको लागि गाउँनजिकै रहेको कृषि सहकारीमा पटक-पटक गएँ, तर छैन भनेपछि रित्तो हात फर्किएँ,' उनले भनिन् 'स्थानीय मल व्यापारीले त्यही अनुदानको डिएपी प्रतिकिलो ७० देखि ८० रुपैयाँसम्म बेचिरहेका छन् ।'

जतातत‍ै मलको हाहाकार हुँदा कृषि मन्त्रालयकी प्रवक्ता डा. जानुका पण्डित भने बजेटमा भएको व्यवस्थाअनुसार मल आपूर्ति भइरहेको बताउँछिन् । चालू आवमा २७ अर्ब ९५ करोड रुपैयाँ मल खरिदका लागि अनुदानबापत खर्च भएको मन्त्रालयले जनाएको छ । प्रवक्ता पण्डितका अनुसार उक्त रकमबाट ५ लाख ५० हजार टन खरिदको सुनिश्चितता भएको छ । 'संघीय संरचनाले मल खरिद गरेर वितरणका लागि प्रदेश र स्थानीय तहलाई जिम्मा दिने गरेको छ,' उनले भनिन्, 'किसानलाई स्थानीय सहकारीहरूले वितरण गर्ने हुन् । त्यसैले वितरणमा केही समस्या भएको हुन सक्छ ।' मन्त्रालयले रासायनिक मलको आपूर्ति र वितरणको जिम्मा कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेसनलाई दिएको छ ।

तर, मल आयात र वितरण गर्दै आएको कृषि सामग्री कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक विष्णुप्रसाद पोखरेलले खपत परिमाणअनुसार सरकारी कोटाको मल आयात नभएकाले माग पूरा गर्न नसकिएको स्वीकार गरे । 'सरकारी कोटामार्फत मात्रै कम्तीमा सात लाख टन मल आयात गर्नुपर्छ । अनि मात्र मागअनुसार वितरण गर्न सकिन्छ,' उनले भने, 'अहिले वार्षिक पाँच लाख टनहाराहारी आयात भइरहेको छ । त्यसैले, आयात भएको मल सबै क्षेत्रमा वितरण गर्दा कसैले पनि मागेजति पाउने स्थिति नबनेको हो ।'

किसानले मन नपाउने अवस्थामा कृषि विभागले भने यस वर्ष धानखेती हुने क्षेत्रफलमा केही सुधार हुने अनुमान गरेको छ । विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले समयमै मनसुन सुरु भइसकेकाले देशभर राम्रो रोपाइँ हुने अपेक्षा गरेको बताए । 'यो वर्ष कति क्षेत्रफलमा रोपाइँ हुन सक्छ भन्ने अनुमानित विवरण पठाउन सबै प्रदेशलाई पत्राचार गरिसकेका छौँ,' उनले भने, 'प्रदेशबाट तथ्यांक आएपछि वास्तविक स्थिति भन्न सकिएला । तर, पनि धान खेती हुने क्षेत्रफलमा केही सुधार हुने अपेक्षा छ,' उनले भने ।

सरकारले किसानलाई रासायनिक मलमा अनुदान दिने गरेको छ । युरियामा ८०.११ प्रतिशत, डिएपीमा ५९.४ प्रतिशत र पोटासमा ५८.२ प्रतिशत अनुदान दिँदै आएको छ । कृषि मन्त्रालयले प्रवाह गर्ने कुल अनुदानमध्ये रासायनिक मलमा मात्र ७०.८२ प्रतिशत हिस्सा ओगटेको छ । कुल आयातमा युरियाको ५६ प्रतिशत, डिएपीको ४२ प्रतिशत र पोटासको २ प्रतिशत हिस्सा छ । कृषि मन्त्रालयका अनुसार चालू आवमा तीन लाख ३८ हजार २७७ टन मल खरिद भइसकेको छ । अघिल्लो वर्षको मौज्दातसमेत गरेर तीन लाख ८२ हजार ६७४ टन सहकारीमार्फत किसानलाई बिक्री गरिसकेको मन्त्रालयले जनाएको छ ।

■ मल अभावले रोपाइँ प्रभावित भएको किसानको गुनासो

कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका- १, कालगौडीका किसान मोहन दमाईं बिउ राख्ने वेलादेखि रासायनिक मलका लागि भौँतारिए पनि नपाएको बताउँछन् । 'मेरो ५ कट्ठा जमिन छ, त्यसमा १ बोरा मल चाहिन्छ, तर पाउन सकेको छैन,' उनले भने, 'सहकारीमा जाँदा आज आएको छैन भन्दै फिर्ता गरिदियो, एग्रोभेटमा जाँदा पनि त्यही भन्यो, मल नभएर खेतमा रोपाइँ गरेको छैन ।'

लालझाडी गाउँपालिका- ६, चान्देवका रतन रानाले पनि मलका लागि सहकारी धाउनु बेकार भइरहेको बताए । '१५ कट्ठा जमिनका लागि २ बोरा रसायनिक मल ल्याउन एक साताअघि गाउँकै सहकारीहरूमा गएको थिएँ, त्यहाँ उतिवेला नै मल सकियो भन्यो,' उनले भने, 'त्यही भएर अहिले रोपाइँ गरेको छैन, अब सहकारीबाट मल नपाए बजारबाट किनेर भए पनि हाल्नुपर्ने होला ।'

भीमदत्त नगरपालिका- १९, बागफाँटाका मानबहादुर रानाले १५ कट्ठा जमिनमा रोपाइँका लागि मल नपाएको बताए । 'मल ल्याउन सहकारी गएको थिएँ, त्यो दिन छैन भन्यो । आएको मल पनि एकैदिनमा सकिएको रहेछ,' उनले भने, 'मेरो जमिनमा २ बोरा मल भए पुग्छ ।' सहकारीबाट नपाए बजारमा महँगो मूल्यमा खरिद गर्नुपर्ने चिन्ताले उनलाई सताएको छ ।

■ मोरङका किसानले पनि पाएनन् आवश्यकताअनुसार मल

मोरङका किसानले पनि आवश्यकताअनुसार मल पाएका छैनन् । चाहेजति मल दिन अहिले नभएको भन्दै यहाँका सहकारीले प्रतिकिसान २५-२५ किलो युरिया र डिएपी वितरण गर्न थालेका हुन् । रतुवामाई नगरपालिका-६ को सौँठा सहकारीले मंगलबार किसानलाई २५ किलोका दरले मल वितरण गरेको जनाएको छ । मागेभन्दा न्यून अर्थात् ३५ बोरा युरिया र ४० बोरा डिएपी मात्रै पाएकाले किसानलाई लाइन लगाएर २५ किलोका दरले वितरण गरेको सहकारीले जनाएको छ ।

रंगेली नगरपालिका- ६ का सतिशकुमार मण्डलले पनि सात बिघा जग्गामा मल अभावकै कारण रोपाइँ गर्न सकिरहेका छैनन् । 'मलका लागि बिहानैदेखि सिंगो परिवार दिनभरि लाइन लाग्दा पनि भनेजति मल पाएको छैन । वडाले पनि टोकन प्रणाली लगाउँछ । वाक्क भएर हामी भारतबाट अवैध रूपमा आयात भएको मल नै खरिद गरेर प्रयोग गर्न बाध्य छौँ,' उनले भने ।

त्यस्तै, कानेपोखरी गाउँपालिका-५ का किसान भेषराज आचार्यले बाली लगाउने वेला मल नपाउँदा चित्त दुःखेको बताए । 'समयमा बिउ र उचित मूल्य नपाउने समस्या त छँदै छ, हुँदाहुँदै मल पनि नपाउने स्थिति बन्यो,' उनले भने, 'यस्तो दुःख गरेर खेती गर्दा न्यून उब्जनी हुन्छ । यसतर्फ कसैले ध्यान दिएको छैन ।'

किसानले मल नपाएको गुनासो गरिरहेका वेला मलको अभाव नदेखाउन कृषि सामग्री कम्पनीको विराटनगरस्थित गोदाममा भने नियमित मौज्दात राख्ने गरिएको छ । किसानले खोजेजति नदिने, तर नियमित वितरण पनि जारी राख्ने रणनीतिअनुसार गोदाममा मल राखिएको हो । कृषि सामग्रीको कोशी प्रादेशिक कार्यालयका प्रबन्धक नरेशकुमार सापकोटा गोदाममा युरिया १० हजार १५३ टन, डिएपी ६९४ मेट्रिक टन, पोटास २४९ टन र कृषि चुन ४३ टन मौज्दात छ । सोही गोदामबाट मुलुकमै सबैभन्दा धेरै धान उत्पादन हुने झापा, मोरङ र सुनसरीसहित धनकुटा र उदयपुरका किसानलाई समेत मल वितरण हुने गरेको छ ।

■ सिराहामा अनुदानको मल पनि व्यापारीबाट महँगोमा किन्नुपर्ने बाध्यता

सिराहाका किसानले अनुदानको मल पनि सहकारबाट होइन, महँगो मूल्यमा व्यापारीबाट किन्नुपर्ने बाध्यता छ । सहकारीले नै व्यापारीलाई मल बिक्री गर्ने गरेको किसानको आरोप छ । सिराहाको गोलबजार नगरपालिका- ४, निपनियाँकी ४७ वर्षीया श्रीमाया तामाङले करिब एक बिघा जमिनमा धान रोपाइँका लागि बिउसमेत तयार भइसकेको, तर रोपाइँअघि नै छर्नुपर्ने डिएपी नपाएको बताइन् । 'दुई बोरा जति डिएपीको लागि गाउँनजिकै रहेको कृषि सहकारीमा पटक-पटक गएँ, तर छैन भनेपछि रित्तो हात फर्किएँ,' उनले भनिन्, 'स्थानीय मल व्यापारीले त्यही अनुदानको डिएपी प्रतिकिलो ७० देखि ८० रुपैयाँसम्म बेचिरहेका छन् ।'

अर्नमा गाउँपालिका- १, बुढियाचापका ६३ वर्षीय किसान बिन्देश्वर महतोले पनि मल अभावकै समस्या सुनाए । 'तीन बिघा खेतमा धान रोप्न तीन क्विन्टल डिएपी चाहिएको छ, स्थानीय कृषि सहकारी संस्थामा धाएको हप्ता दिनभन्दा बढी भयो, पाइएको छैन,' उनले भने, 'स्थानीय मल व्यापारीले १०-२० किलो त दिन्छन्, त्यतिले एक कुना पनि छर्न पुग्दैन ।'

धनगढीमाई नगरपालिका- ४, सन्तनगरका शम्भु यादवले पनि मल नपाउँदा अढाइ बिघामा धान रोप्न नपाएको सुनाए । 'सीमावर्ती भारतीय बजारबाट ल्याउन पनि समस्या नै छ । स्थानीय व्यापारीले प्रतिकिलो ४७ रुपैयाँ पर्ने डिएपी ८० रुपैयाँसम्म बेचिरहेका छन्, त्यो पनि पोल खुल्ने डरले दिँदैनन्,' उनले भने, 'छिमेकी पालिकाका व्यापारीबाट महँगोमा किनेर भए पनि खेती गर्नुपर्ने भएको छ ।'

त्यस्तै, नरहा गाउँपालिका- १, तिलासी गाउँका ५७ वर्षीय किसान रामखेलावन यादवले चार बिघामा धानखेती गर्न करिब २० बोरा डिएपी मल खोजेको भए पनि नपाउँदा समस्यामा परेको सुनाए । 'सरकारले किसानका लागि दिएको अनुदानको मल कृषि सहकारीबाट व्यापारीको हातमा कसरी पुग्छ ? उनले प्रश्न गरे, 'किसानलाई बाँड्नुपर्ने अनुदानको मल थोरैथोरै बाँडेर कृषि सहकारी सञ्चालक र मलखाद व्यापारीले कमाइरहेका छन् ।'

ढुवानी खर्चसहित प्रतिबोरा दुई हजार ३७२ रुपैयाँ ५० पैसा पर्ने सरकारी अनुदानको डिएपी मल व्यापारीले तीन हजार पाँच सयदेखि चार हजार पाँच सय रुपैयाँसम्ममा बिक्री गरिरहेको किसानको गुनासो छ । 'सामान्य किसानले त्यति महँगोमा मल किनेर कसरी खेती गर्न सक्छ ?' यादवको प्रश्न छ ।


■ सबैभन्दा धेरै धान उत्पादन हुने झापाका किसान इन्द्र पोखरेलको गुनासो–

बिउ राख्दादेखि नै मलको चिन्ता लिनुपर्छ, सरकारले मागेजति दिँदैन, भारतबाट ल्याउन पनि दुःख छ




म अधियाँ लिएर तीन बिघामा धानखेती गर्दै आएको छु । खेतमा बर्खे र चैते दुवै धान लगाउँछु । हामीलाई बिउ राख्दादेखि नै मलको चिन्ता सुरु हुन्छ । चैतेधान र बर्खे दुवै धानलाई चाहिने मल सरकारले दिन सक्दैन । यसपटक पनि बिउ राख्नका लागि भारतबाट लुकीछिपी ल्याएको मल प्रयोग गरेँ । अब रोप्ने वेलामा र रोपेको १५/२० दिनमा मल लगाउनुपर्छ । त्यो मल कसरी जोहो गर्ने भन्ने चिन्ता छ । एक बिघाका लागि ८० केजी मल चाहिन्छ । त्यो मल पारि (भारत)बाट नै ल्याउनुपर्ने अवस्था देखिसकेँ । मल ल्याउन अवरोध हुने गरी नाकामा प्रशासनले हामीलाई साह्रै धेरै दुःख दिन्छ । भारतमा ३५ देखि ४५ केजीसम्मको मलको बोरा हुन्छ । त्यो गौरीगन्ज बजारमा गएर किन्दा १५ सय पर्छ । जबकि नेपालमा उपलब्ध गराउने मलको ५० केजीको बोरालाई एक हजार मात्रै पर्छ । तर, बिहानदेखि लाइन बस्दा पनि सरकारी मल पाइँदैन । दुई सय किसानले मल पाए भने चार हजार किसान रित्तो हात फर्कनुपर्छ । हामीले पारि (भारत)को मल लगाउनुको विकल्प नै छैन । धन्न सीमानजिक भएकाले जेनतेन खेती गरिरहेका छौँ ।

● डा. जानुका पण्डित
प्रवक्ता, कृषि मन्त्रालय



वार्षिक बजेटमा भएको व्यवस्थाअनुसार रासायनिक मल आपूर्ति भइरहेको छ । चालू आवमा २७ अर्ब ९५ करोड रुपैयाँ मल खरिदका लागि अनुदानबापत खर्च भएको र उक्त रकमबाट ५ लाख ५० हजार टन खरिदको सुनिश्चितता भएको छ । संघीय संरचनाले मल खरिद गरेर वितरणका लागि प्रदेश र स्थानीय तहलाई जिम्मा दिने गरेको छ । किसानलाई स्थानीय सहकारीहरूले वितरण गर्छन् । त्यसैले वितरणमा केही समस्या भएको हुन सक्छ ।

● विष्णुप्रसाद पोखरेल
प्रबन्ध सञ्चालक, कृषि सामग्री कम्पनी



खपत परिमाणअनुसार सरकारी कोटाको मल आयात नभएकाले माग पूरा गर्न नसकिएको हो । सरकारी कोटामार्फत मात्रै कम्तीमा सात लाख टन मल आयात गर्नुपर्छ । अनि मात्र मागअनुसार वितरण गर्न सकिन्छ । अहिले वार्षिक पाँच लाख टनहाराहारीमा आयात भइरहेको छ । त्यसैले, आयात भएको मल सबै क्षेत्रमा वितरण गर्दा कसैले पनि मागेजति पाउने स्थिति नबनेको हो ।

नबिल बैंक लिमिटेड, पोखरा (मालेपाटन) शाखा, कास्कीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८२/०३/१०)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/०७/१९ को आर्थिक दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको सात (७) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **पोखरा (मालेपाटन) शाखा, कास्की**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/११/१० मा दर्ता नं. २०९२७१/०७५/०७६ अन्तर्गत दर्ता भएको **श्री पोखरा हेवन रिसोर्ट प्रा. लि.** । ठेगानाः कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २८, कालिका, कास्की ।

ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. लोक नरसिंह राजभण्डारीको नाति, महेश कुमार राजभण्डारीको छोरा, म्याग्दी जिल्ला वेनी न.पा वडा नं. ७ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २८, बस्ने, ना.प्र.नं. ४९-०१-७५-००६७९ जारी मितिः २०७५/०२/१७, स्थानः म्याग्दी) भएको **प्रवेश कुमार राजभण्डारी** ।
२. बोध राज उपाध्यायकी छोरी, कर्म बहादुर पहारीकी बुहारी, अनुप कुमार पहारीकी श्रीमती काठमाडौं जिल्ला, काठमाडौं म.न.पा., वडा नं. २ बस्ने, ना.प्र.नं. २७१०६०/१२५१८७ (जारी मितिः २०७०/११/०५, स्थानः काठमाडौ) भएको **श्रीमती भृकुटी पहारी** ।
३. खडक बहादुर पहारीको नाति, कर्म बहादुर पहारीको छोरा, नवलपरासी जिल्ला सुनवल गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल काठमाडौ जिल्ला, काठमाडौं म.न.पा., वडा नं. २ बस्ने, ना.प्र.नं. १६६/२९१ (जारी मितिः २०४४/०२/२९, स्थानः नवलपरासी) भएको **अनुप कुमार पहारी** ।

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः
कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २८, कालिका, **श्री पोखरा हेवन रिसोर्ट प्रा. लि** को. नाममा दर्ता कायम रहेको कास्की जिल्ला पोखरा म.न.पा. वडा नं २८, सिट नं ०९४०८८६ कित्ता नं क्रमश १३०१ र १५२ को क्षेत्रफल ०-३-३-० र ३-७-२-१ रोपनी जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :


१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **पोखरा (मालेपाटन) शाखा, कास्की**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मितिः २०८२/०३/१६ गते ३:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **पोखरा (मालेपाटन) शाखा, कास्की**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मितिः २०८२/०३/१७ गते ३:०० बजे बैंकको **पोखरा (मालेपाटन) शाखा, कास्की**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसंग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै ब्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **पोखरा (मालेपाटन) शाखा, कास्की**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

मोटरसाइकल हरायो

मिति २०८२/३/५ गते राती अ. १८:०० बजे देखि १:०० बजेको समयमा का.जि.गो.न.पा-०४, नाम्गेल स्थित सडक किनारमा पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको रातो, कालो रंगको 200 NS मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : रुपेश श्रेष्ठ
मो.सा.नं.: बा.प्र. ०२-०४७ प ५४९२
चेसिस नं.: MD2A36FX2PCF94289
इन्जिन नं.: JLXCPE62278
सम्पर्क नं.: 9808272979



एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नः ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८२/०३/१०

यस बैंकको निक्षपकर्ता श्री जंग शम्शेर ज.ब राणाको नाती लक्ष्मण शम्शेर ज.ब.राणाको छोरा, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११ थापाथली बस्ने वर्ष ८० को **श्री जय शम्शेर ज.ब राणा** (ना.प्र.नं.४५२१, जारी मिति २०४६/०८/२८) को मिति २०८१/०९/०४ मा निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनु होस् भनि निजको छोरा निखिल शम्शेर ज.ब.राले मृत्यदर्ताको प्रमाणपत्र लगायतका कागजातहरु समेत सलंग्न गरी निबेदन दिनु भएको हुदाँ निज निक्षेपकर्ताको निक्षेपमा निवेदक बाहेक अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना उपरोक्त प्रकाशन भएको मितिले ३५ दिन भित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिमको श्री निखिल शम्शेर ज.ब.राणाको हक हुने हुँदा सम्बधित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उच्चका दुईसहित...

पृष्ठ १ बाट क्रमशः

छैनन् । तानिएकामध्ये केहीले परिषद्मा हाजिर गरेर बिदा बसेका छन् भने केही सर्वोच्चमै हाजिर गर्दै छन् । फैसलाका पूर्णपाठ तयार गर्नुपर्ने र अन्य काम बाँकी रहेकाले ती काम सकेर परिषद् वा सर्वोच्च हाजिर गर्ने गरी केही बिदामा छन् ।

हालसम्म जिल्ला न्यायाधीशलाई काजमा सर्वोच्च ल्याउने निर्णय प्रधानन्यायाधीशबाटै गर्ने गरिएको छ । उच्चका न्यायाधीशको विषयमा भने न्यायपरिषद्ले निर्णय गरी तान्ने गरेको छ । रसुवाका न्यायाधीश थापामाथि एक युवतीले उजुरी दिएकी थिइन् । मुद्दाकी पक्ष रहेकी उनीसँग न्यायाधीश थापाले पदीय आचरण र मर्यादाविपरीत सम्पर्क गरेको भन्दै उजुरी परेको थियो ।

मुद्दालाई प्रभावित बनाउन सरकारी वकिल र न्यायाधीश दुवैसँग महिलाको सम्पर्क भएको देखिएपछि दुवैमाथि तालुक निकायले छानबिन गरिरहेको हो । युवतीले न्यायाधीश र सरकारी वकिलले आफूसँग गरेको वार्तालापको अडियो र मेसेजका स्क्रिनसटसमेत संलग्न राखी परिषद्मा उजुरी दिएकी हुन् । न्यायाधीशको आचारसंहिताविपरीत उनले युवतीसँग मुद्दाका विषयमा संवाद गरेको देखिएपछि उनलाई तानेर छानबिन सुरु गरिएको हो । यसमाथि छानबिन भइरहेकाले केही बोल्न नमिल्ने परिषद्का अधिकारी बताउँछन् । थापा ०७० जेठमा जिल्ला न्यायाधीश नियुक्त भएका थिए ।

यसैगरी, दार्चुलाका न्यायाधीश पाण्डेयमाथि पनि आचरणसम्बन्धी उजुरी परेको र छानबिन भइरहेको छ । उनी स्रेस्तेदार हुँदै न्यायाधीश भएका हुन् । ०८० चैत अन्तिममा न्यायाधीशमा सिफारिस भएका उनले खराब आचरण गरेको भन्दै उजुरी परेको हो । सर्वोच्चका एक अधिकारीका अनुसार पाण्डेयको कर्मचारीसँग पनि राम्रो सम्बन्ध नभएको पाइएको छ । उनले वेलामा फैसलामा हस्ताक्षर नगरिदिने, राय-किताबमा पनि संक्षिप्त फैसला नलेखिदिने र कर्मचारीसँग मनमुटावजस्तो अवस्था पनि देखिएको थियो ।

यसैगरी, गत साता मात्र धनुषा जिल्ला अदालतबाट हरिकृष्ण श्रेष्ठलाई पनि सर्वोच्चमा हाजिर गर्ने गरी झिकाइएको छ । उनी सोही अदालतमा स्रेस्तेदार भएर बसेका थिए भने न्यायाधीश भई सोही अदालत गएपछि केही व्यावहारिक समस्या देखिएको परिषद् स्रोतको भनाइ छ ।

यसअघि नै जिल्ला अदालत महोत्तरीकी न्यायाधीश फणेश्वरी घिमिरे सर्वोच्च तानिएकी थिइन् । अहिलेसम्म उनीविरुद्धको उजुरी टुंगिएको छैन । अपहरण, शरीर बन्धक, कर्तव्य ज्यान तथा व्यक्ति बेपत्तासम्बन्धी कसुरका पक्षसँग भेटेको र वादीलाई निरुत्साहित बनाउन खोजेको भन्दै घिमिरेविरुद्ध उजुरी परेको थियो ।

आलमलाई सफाइ दिने न्यायाधीशद्वय थारू र महर्जनमाथि छानबिन सुरु

हालै मात्र उच्च अदालत वीरगन्ज इजलासका दुई न्यायाधीश न्यायपरिषद्मा तानिएका छन् । कांग्रेस नेता मोहम्मद अफ्ताव आलमसमेतका प्रतिवादीलाई सफाइ दिने फैसला गरेपछि विवादमा परेका न्यायाधीशद्वय खुसीप्रसाद थारू र अर्जुन महर्जनमाथि उजुरी परेपछि प्रारम्भिक छानबिनका लागि सर्वोच्चका न्यायाधीशलाई जिम्मा दिइएको छ ।

१४ जेठमा थारू र महर्जनको इजलासले संकलित सबुत प्रमाणबाट घटना भएको भनिएको मिति २७ चैत ०६४ मा आलमको घरमा बम विस्फोट भएको कुरा पुष्टि हुन नसकेको भन्दै सफाइ दिइएको थियो । विस्फोटमा घाइते भनिएका पिन्टु भनिने त्रिलोकप्रताप सिंह र ओसी अफ्ताबलाई ट्र्याक्टरमा हाली राजा ईंटाभट्टामा हाली पोलिएको भन्ने वादी दाबी भए पनि यो कुराको ठोस सबुत प्रमाण वादीले पेस गर्न नसकेको तथा विधिविज्ञान परीक्षण प्रतिवेदनसमेत मृतकहरूलाई ईंटाभट्टामा पोलिएको अभियोग दाबी पुष्टि हुन नसकेको भन्दै सबै प्रतिवादीलाई सफाइ दिने फैसला भएको थियो । यसविरुद्ध मृतक पिन्टु भनिने त्रिलोकप्रताप सिंह र युवराज सफलले परिषद्मा उजुरी दिएका थिए ।

परिषद्को अभिलेखअनुसार असार पहिलो सातासम्म परिषद्मा ३३३ वटा उजुरी रहेको लगत छ । जसमध्ये २०२ फर्स्योट भइसकेका छन् । यसमा पनि अधिकांश तामेलीमा पठाइएको छ भने १३१ बाँकी छन् । पाँच सदस्यीय न्यायपरिषद्को अध्यक्षमा प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत छन् भने वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्ल र कानुनमन्त्री अजयकुमार चौरसिया सदस्य छन् । दुईजना वरिष्ठ अधिवक्ता दामोदर खड्का र रामप्रसाद भण्डारी पनि सदस्य छन् । भण्डारीको कार्यकाल आगामी सोमबार चार वर्ष पुग्ने भएकाले अवकाश पाउनेछन् । उनको स्थानमा प्रधानमन्त्रीले वरिष्ठ अधिवक्ता महेश नेपालको नाम सिफारिस गरेका छन् । यद्यपि, नेपालको संसदीय सुनुवाइ र नियुक्ति हुन बाँकी छ ।

क्रिप्टो र हुन्डी कारोबार

दुई अर्ब ८६ करोडको बिगोमा अदालतले गऱ्यो १० लाख मात्रै जरिवानाको फैसला

नयाँ पत्रिका

नेपाल प्रहरीले अनुसन्धान गरेको अहिलेसम्मकै ठुलोमध्येको एक क्रिप्टो कारोबार तथा हुन्डीको गिरोहका सदस्यलाई अदालतबाट न्यून सजाय भएको छ। दुई अर्ब ८६ करोडको बिगो कायम गरी दायर गरिएको संगठित अपराध तथा हुन्डी कारोबारको मुद्दामा जिल्ला अदालत काठमाडौंले सातजनालाई सफाइ दिएको छ भने दोषी ठहर भएका १० जनालाई पनि अधिकतम १० लाख मात्रै सजाय तोकेको हो।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो(सिआइबी)ले डेढ वर्षअघि रूपेश श्रेष्ठ नेतृत्वको गिरोहमाथि विस्तृत अनुसन्धान गरी १७ विरुद्ध मुद्दा दायर भएको थियो। जसमा जिल्ला अदालत, काठमाडौंले गत २७ जेठमा आंशिक ठहरको फैसला गरेको हो। १० जनालाई दोषी ठहर गरी सजाय भएको र सातजनाले सफाइ पाएको जिल्ला अदालतका सूचना अधिकारी दीपक श्रेष्ठले बताए। न्यायाधीश सुमनकुमार न्यौपानेको इजलासबाट सो फैसला भएको छ।

मुख्य आरोपी रूपेशलाई २१ महिना कैद र १० लाख जरिवाना तोकिएको छ। उनी थुनामा बसेको करिब १९ महिना भइसकेको छ। ६ मंसिर ०८० मा सिआइबीको टोलीले उनलाई घरबाटै ९९ लाख ६९ हजारसहित पक्राउ गरेको थियो। उनको मोबाइल तथा घरबाट बरामद भएको डायरीबाट हुन्डी तथा क्रिप्टो कारोबारको सञ्जाल पत्ता लगाइएको थियो। प्रहरीले संगठित अपराधको कसुरमा समेत विस्तृत अनुसन्धान गरेकोमा अहिले सामान्य मात्र सजाय भएपछि अनुसन्धानमा आबद्ध प्रहरी अधिकारी बेखुस देखिएका छन्।

गिरोहका मुख्य सदस्यमध्येका आशिष अग्रवाललाई १८ महिना कैद र १० लाख जरिवाना, कुमार परियारलाई एक वर्ष कैद र १० लाख जरिवाना, विमल पोदारलाई एक वर्ष कैद र १० लाख जरिवानाको सजाय भएको छ। अग्रवाल सेयर बजारको ब्रोकर कम्पनीका सञ्चालकसमेत हुन्।

त्यस्तै, मीनबहादुर जिसी, दीपक शर्मा, वाङ्देन फुनसोक लामा र रुदे तामाङलाई ६/६ महिना कैद र ५/५ लाख जरिवाना भएको छ। शरद भट्टराई र विगत शर्मालाई ३/३ महिना कैद र एक लाख ५० हजारका दरले जरिवाना भएको छ।

उक्त मुद्दामा प्रतिवादी बनाइएका रचना शर्मा, अंशुल श्रेष्ठ, दीपेश श्रेष्ठ, झनिन्द्रप्रसाद खतिवडा, वीरेन्द्र मगर, गोविन्दप्रसाद श्रेष्ठ र ओमकुमार श्रेष्ठले सफाइ पाएका छन्। रचना रूपेशकी श्रीमती, दीपेश भाइ र अंशुल भान्जा हुन्। परिवार नै मिलेर हुन्डी र क्रिप्टो कारोबार चलाएको सिआइबीको अनुसन्धानमा खुलेको थियो। अंशुल र दीपेश अमेरिका बस्दै आएका छन्। रूपेशका अर्का भान्जा आयुष श्रेष्ठ पनि अनुसन्धानको दायरामा रहेकोमा उनको ठेगाना प्रस्ट नखुलेको भन्दै त्यसवेला मुद्दा दायर नभएकोमा हाल दोस्रो चरणमा अनुसन्धान भइरहेको छ।



हाल उनीहरूमाथि सम्पत्ति शुद्धीकरणको घटनामा पनि अनुसन्धान भइरहेको सिआइबी स्रोत बताउँछ। संगठित अपराध तथा हुन्डीको अपराधमा संलग्नमाथि अनिवार्य रूपमा सम्पत्ति शुद्धीकरणको कसुरमा पनि अनुसन्धान हुनुपर्ने प्रावधान छ।

सम्पत्ति शुद्धीकरण मुद्दामा गणेश लामालाई सफाइ

डन पृष्ठभूमिका कांग्रेस नेता गणेश लामाले सम्पत्ति शुद्धीकरणको कसुरमा सर्वोच्च अदालतबाट सफाइ पाएका छन्। सर्वोच्च अदालतका न्यायाधीशद्वय कुमार रेग्मी र अब्दुल अजिज मुसलमानको इजलासले सोमबार उनलाई सफाइ दिने फैसला गरेको हो।

लामालाई विशेष अदालतले दोषी ठहर गरी कैद र जरिवाना सुनाएको थियो। त्यसविरुद्ध उनले सर्वोच्चमा पुनरावेदन गरेका थिए। साथै, उनलाई कम सजाय भएको भन्दै सरकारपक्षले पनि सर्वोच्चमा पुनरावेदन निवेदन दिएको थियो। लामाले दिएको निवेदनमा उल्टी तथा सरकारपक्षले दिएको निवेदनमा पुनरावेदन जिकिर नपुग्ने फैसला सर्वोच्चको संयुक्त इजलासबाट भएको छ।

लामाले गुन्डागर्दीबाट करोडौँ कमाएको भन्दै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले मुद्दा दायर गरेको थियो। गुन्डागर्दी पृष्ठभूमिका लामा हाल कांग्रेस केन्द्रीय सदस्य छन्। गुन्डागर्दीको आरोपमा उनी पटक-पटक पक्राउ परेका थिए।

५ जेठ ०७० मा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले लामासहित पाँचजनाविरुद्ध गुन्डागर्दीबाट अकुत आर्जन गरेको अभियोगमा मुद्दा चलाएको थियो। लामाविरुद्ध २७ करोड एक लाखको बिगो दाबी गरिएको थियो। जसमा उच्च अदालतले २४ साउन ०७५ मा फैसला सुनाउँदै उनलाई १ वर्ष कैद र एक करोड ४० लाख ५० हजार जरिवाना र सोबराबरको सम्पत्ति जफतको सजाय सुनाएको थियो।

गुन्डागर्दी नियन्त्रणका लागि त्यतिवेला सिआइबीको पहलमा पाँच प्रमुख गुन्डा नाइकेको सम्पत्ति छानबिन भई सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमार्फत मुद्दा दायर भएको थियो। लामासहित दीपक मनाङे (राजीव गुरुङ), परशुराम बस्नेत र अभिषेक गिरीविरुद्ध मुद्दा दायर भएको थियो। अन्यले विशेष अदालतबाटै सो मुद्दामा सफाइ पाएका थिए।

बालमन्दिरका पूर्वमहासचिवसँग पाँच लाख धरौटी माग

बालमन्दिरको जग्गा हिनामिनासम्बन्धी ठगी मुद्दामा बाल संगठनका पूर्वअध्यक्ष गणेशभक्त श्रेष्ठ पाँच लाख धरौटीमा छुटेका छन्। गत २४ वैशाखमा उनलाई फरार प्रतिवादी बनाएर मुद्दा दायर गरिएको थियो। सोमबार अदालतमा हाजिर भएका उनलाई न्यायाधीश गायत्रीप्रसाद रेग्मीको इजलासले धरौटीमा छाड्ने आदेश गरेको हो। उनीसहितका १७ प्रतिवादीविरुद्ध ६० करोड ३९ लाख बिगो र सात वर्षसम्म कैद सजायको माग गरी मुद्दा दायर भएको थियो।

यस मुद्दामा उपप्रधानमन्त्री तथा सहकारी विकासमन्त्री प्रकाशमान सिंहकी दिदी रीतासिंह बैद्यसमेत प्रतिवादी रहेकाले मुद्दा कमजोर बनाएर दायर गरिएको आरोप लागेको छ। जिल्ला सरकारी वकिल कार्यालयले मुद्दा नचलाउने निर्णय गरेकोमा पछि महान्यायाधिवक्ता कार्यालयले मुद्दा चलाउन निर्देशन दिएको थियो। तर, केही प्रतिवादीको बयान मात्र राखेर प्रमाणहरू समावेश नगरी अभियोगपत्र दायर गरिएको सिआइबीका अधिकारी बताउँछन्।

बालमन्दिरले बृहस्पति विद्यासदनलाई आफ्नो जग्गा लिजमा दिँदा अनियमितता गरिएको थियो। २७ माघ ०४९ र ४ चैत ०५२ मा बृहस्पतिलाई अनौपचारिक सम्झौता गरी जग्गा भाडामा दिने निर्णय भएको थियो। ८ जेठ ०५८ मा बालमन्दिरको १४ रोपनी ९ आना जग्गा वार्षिक ३० लाख रुपैयाँ(प्रतिरोपनी प्रतिमहिना १६ हजार ७७८) भाडा कायम गरी ८ जेठ ०८८ सम्मका लागि भाडामा दिइएको थियो। ३० वर्षको यस अवधिमा सुरुको ५ वर्ष र अन्तिमको ५ वर्ष गरी जम्मा १० वर्ष भाडामा कुनै वृद्धि नहुने भनिएको थियो। बाँकी २० वर्षको भाडामा भने प्रत्येक २ वर्षमा ५% का दरले वृद्धि हुने भनिएको थियो। जबकि ०५८ पूर्व गरिएको सम्झौतामा नै भाडा प्रतिवर्ष १० प्रतिशतका दरले वृद्धि हुने भनिएको थियो।

३ साउन ०७३ मा बालमन्दिर र बृहस्पति सदनबिच पुनः अर्को सम्झौता गरियो। त्यतिवेला बालमन्दिरको थप १३ रोपनी १२ आना १ पैसा जग्गा भाडा दिने भनियो। जसको अवधि ४३ वर्ष र भाडा दर प्रतिवर्गफिट मासिक ६ रुपैयाँ १० पैसा कायम गरियो। जसमा बालमन्दिरको तर्फबाट हस्ताक्षरकर्ता रीता थिइन्। मिलेमतोका आधारमा विनाप्रतिस्पर्धा लिजमा दिइएको आरोप लाग्दै आएको छ।

सुन तस्करीमा अमलालाई दुई लाख धरौटीमा छाड्ने आदेश

६१ किलो सुन तस्करी मुद्दाकी प्रतिवादी अमला रोकासँग अदालतले २ लाख धरौटी माग गरेको छ। डेढ वर्षदेखि फरार रहेकी उनलाई गत शुक्रबार प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो(सिआइबी)ले पक्राउ गरेको थियो। दुई दिनको बयान तथा थुनछेक बहसपछि काठमाडौंका जिल्ला न्यायाधीश बलराम लम्सालको इजलासले उनीसँग धरौटी माग गरेको हो।

धरौटीमा छाड्ने आदेशलगत्तै सिआइबीले उनलाई सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धानका लागि फेरि हिरासतमा लिएको छ। अमला सुन तस्करी गिरोहका नाइके चिनियाँ मूलका बेज्जियम नागरिक दावा छिरिङकी श्रीमती हुन्। उनको ठमेलमा होटेल भियना छ।

ओली सरकार पूर्णतः असफल भएको जसपा नेपालको निष्कर्ष

सरकारबाट समर्थन फिर्ता लिने, वैकल्पिक समीकरणको निर्माणमा लाग्ने

नयाँ पत्रिका

केपी ओली सरकार गठनको एक वर्ष पुग्ने लाग्दा उपेन्द्र यादव नेतृत्वको जसपा नेपालले संघीय सरकारबाट समर्थन फिर्ता लिने निर्णय गरेको छ। ७-८ असारमा बसेको केन्द्रीय कार्यकारिणी समिति बैठकले कांग्रेस-एमाले गठबन्धन सरकार पूर्णतः असफल भएको निष्कर्ष निकाल्दै समर्थन फिर्ताका लागि संसदीय दललाई निर्देश गरेको छ। यससँगै जसपाले वैकल्पिक समीकरणको निर्माणमा लाग्ने जानकारी दिएको छ।

केन्द्रीय कार्यकारिणी समितिले समर्थन फिर्ताको औपचारिक निर्णय लिन संसदीय दललाई निर्देशन दिएको छ। 'केपी ओली नेतृत्वमा रहेको वर्तमान सरकारले देशमा भ्रष्टाचार नियन्त्रण, सुशासनको प्रत्याभूति, संविधान संशोधन, आर्थिक अवस्थामा सुधारलगायतका कार्यमा पूर्णतः असफल रहेकाले पार्टीद्वारा वर्तमान सरकारलाई विगतमा दिइएको समर्थनबारे पुनः विचार गरी निर्णय गर्न संसदीय दललाई निर्देश गर्दछ,' प्रवक्ता मनीष सुमनले सोमबार सार्वजनिक गरेको निर्णयमा भनिएको छ।



मनीष सुमन, प्रवक्ता, जसपा नेपाल

यो सरकारको औचित्य सकियो भन्ने निष्कर्ष हो। अब संसदीय दलले समर्थन फिर्ताको औपचारिक निर्णय गरेपछि वैकल्पिक समीकरणको निर्माणमा लाग्छौं।

प्रवक्ता सुमन वैकल्पिक समीकरणको सम्भावना रहेको बताउँछन्। तर, आफूहरू कांग्रेस र माओवादीको संवादमा जोडिइनसकेको उनको भनाइ छ। 'यो सरकारको औचित्य सकियो भन्ने निष्कर्ष हो। अब संसदीय दलले समर्थन फिर्ताको औपचारिक निर्णय गरेपछि वैकल्पिक समीकरणको निर्माणमा लाग्छौं,' उनले भने।

जसपा नेपालका उपाध्यक्ष राजकिशोर यादवले सरकारलाई समर्थन दिनुको औचित्य सकिएको निष्कर्षसहित केन्द्रीय कार्यकारिणी समितिले निर्णय लिन दललाई निर्देशन दिएको बताए। 'केन्द्रीय समितिले दललाई निर्देशन दिएको छ। दलले पार्टीको निर्णय मान्नेपर्छ,' उनले भने। केन्द्रीय समितिको निर्देशनअनुसार दलले छिट्टै समर्थन फिर्ताको निर्णय लिने यादवको भनाइ छ। ३० असारमा एमाले अध्यक्ष ओली प्रधानमन्त्री नियुक्त हुँदा जसपा नेपालले समर्थन गरेको थियो। तर, जसपा नेपाल सरकारमा सहभागी भएन। प्रतिनिधिसभामा जसपा नेपालका पाँच सांसद छन् भने राष्ट्रिय सभामा तीन सांसद छन्। प्रवक्ता सुमनका अनुसार केन्द्रीय कार्यकारिणी समितिले २५, २६ र २७ भदौमा तोकिएको पार्टी प्रदेश अधिवेशनका लागि प्रदेश निर्वाचनसम्बन्धी निर्देशिका पारित गरेको छ।

समर्थन फिर्तापछि सरकारले लिनुपर्छ विश्वासको मत

जसपा नेपालले समर्थन फिर्ता लिए प्रधानमन्त्री ओलीले संविधानको धारा १०० (२) अनुसार प्रतिनिधिसभाबाट विश्वासको मत लिनुपर्छ। यसमा सरकारमा प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिए ३० दिनभित्र प्रधानमन्त्रीले प्रतिनिधिसभाबाट विश्वासको मत लिनुपर्ने व्यवस्था छ।

३० असारमा प्रधानमन्त्री नियुक्त ओलीले ६ साउनमा संसद्मा उपस्थित २६३ मध्ये १८८ जनाबाट विश्वासको मत पाएका थिए। दलगत रूपमा ओलीले कांग्रेस ८८, एमाले ७८, जसपा सात, जनमत ६, जसपा नेपाल पाँच, लोसपा चार, नागरिक उन्मुक्ति चार, स्वतन्त्र दुई (अमरेश सिंह र योगेन्द्र मण्डल)बाट विश्वासको मत पाएका थिए। यीमध्ये जसपा नेपाल र जनमत सरकारमा सहभागी छैन।

भारतमा बन्धक ५७ नेपालीको उद्धार

काठमाडौं/ भारतको उत्तराखण्डमा अमानवीय रूपमा बन्धक बनाइएका ५७ जना नेपालीको उद्धार भएको छ। नयाँदिल्लीस्थित नेपाली दूतावास, उत्तराखण्ड प्रहरी र सामाजिक संस्था 'किन इन्डिया'को समन्वयमा उनीहरूको उद्धार भएको हो।

आकर्षक रोजगारीको लोभमा उत्तराखण्ड पुऱ्याइएकामध्ये १६ महिनादेखि बन्धक बनाइएका र ठगिएका नेपालीहरूसमेतको उद्धार भएको छ। पहिलो चरणमा ३५ र आइतबार राति थप २२ जनाको उद्धार भएको हो। बन्धक बनाउने योजनाकारमध्ये तीनजनालाई उत्तराखण्ड प्रहरीले पक्राउ गरेको छ। 'अहिलेसम्म ५७ जना नेपालीहरूको उद्धार भएको जानकारी आएको छ,' परराष्ट्र प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले भने, 'यो अपराधमा संलग्न भएका केही व्यक्तिलाई भारतीय प्रहरीले पक्राउ गरेको जानकारी आएको छ।' नेपालीहरूलाई बन्धक बनाएको अभियोगमा पक्राउ पर्नेहरूमा डोटीको शिखर नगरपालिकाका २१ वर्षीय वीरेन्द्र शाही, भारतको उत्तर प्रदेश गाजिपुरस्थित खानपुरका सचिनकुमार तथा नैनीताल उत्तराखण्डका मनीष तिवारी छन्।

नेपालीहरूलाई उद्धारका लागि समन्वय गरेको गैरसरकारी संस्था 'किन इन्डिया'का निर्देशक नवीन जोशीका अनुसार १६ महिनादेखि हालसालै बन्धक बनाइएका मुक्त भएका छन्। 'एकजना भाइ १६ महिनादेखि बन्धक हुनुभएको रहेछ। आकर्षक रोजगारीका लागि सुरुमा २०-३० हजार जम्मा गर्न लगाउने, त्यसपछि पैसा थप्न लगाउने र बिस्तारै उनीहरूलाई धम्की दिएर उनीहरूमार्फत नजिकका आफन्त र साथीभाइलाई बोलाउने, उनीहरूसँग पनि पैसा असुल्ने, उनीहरूलाई पनि थप साथीभाइ बोलाउन लगाएर पैसा असुल्ने कार्य हुँदै आएको रहेछ,' जोशीले टेलिफोनमा भने, 'यसमा संलग्न ठुलो गिरोह रहेछ। त्यो फरार भएको छ र तीनजनालाई पक्राउ गरेर प्रहरीले बयान लिइरहेको छ।'

दुई वर्षसम्म सञ्चालनमा आउन सकेन काठमाडौं महानगरको सुलभ फार्मेसी

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले दुई वर्षअघि नै सुलभ फार्मेसी सञ्चालनमा ल्याउने दाबीसहित नीति तथा कार्यक्रममा घोषणा गरेको थियो। तर, हालसम्म पनि फार्मेसी सञ्चालन ल्याउन सकेको छैन। अब यो योजना अर्को वर्षका लागि धकेलिएको छ।

स्वास्थ्य बिमाअन्तर्गतको औषधि र बिमामा आबद्ध नभएका नागरिकका लागि सर्वसुलभ औषधि तथा औषधिजन्य सामग्री 'जेनेरिक फार्मेसी'को अभ्यासअनुसार उपलब्ध गराउन सुलभ फार्मेसीको अवधारणा ल्याइएको थियो। गत आर्थिक वर्ष ०८०/८१, चालू आर्थिक वर्ष ०८१/८२ हुँदै यो योजना आगामी आर्थिक वर्ष ०८२/८३ का लागि सरेको छ। तर, ०८३ मा पनि सञ्चालनमा आउने आधार देखिँदैन। महानगरपालिकाले कति प्रकारका औषधि राख्ने भनेर सूची नै तयार गरेको छैन। बबरमहलमा फार्मेसी राख्ने स्थान भेटिएको छ। तर, अन्य पाँच स्थानमा फार्मेसी सञ्चालनका लागि भाडामा लिने संरचना भेटिएको छैन। यसअघि महानगरले घर भाडामा दिन भन्दै सूचना आह्वान नै गरेको थियो। तर, महानगरको फार्मेसी सञ्चालन गर्न घरभाडा दिन कोही तयार भएनन्।



महानगरले पहिलो चरणमा वडा नम्बर ११ कै परिसरभित्र फार्मेसी सञ्चालन गर्न संरचना तयार पार्दै छ। महानगरपालिकाका स्वास्थ्य विभागका प्रमुख दीपक केसीले विभिन्न प्रक्रियागत तयारी थाल्दा समयमै सुलभ फार्मेसी सञ्चालनमा ल्याउने कार्य ढिलो भएको बताए। 'बबरमहलस्थित वडा नम्बर ११ को कार्यालय भवनमा फार्मेसी राख्न संरचना तयार हुँदै छ, तर यो आर्थिक वर्षमा सम्भव भएन,' उनले भने, 'औषधिको सूची तयार पार्ने, टेन्डर गर्नेलगायत काम बाँकी छ, मुख्यतः कस्ता-कस्ता प्रकारका औषधि राख्ने भन्ने विषय अझै टुंगिएको छैन।'

गत आर्थिक वर्षमा महानगरपालिकाले सुलभ फार्मेसी सञ्चालनका लागि एक करोड रुपैयाँ विनियोजन गरेको थियो। चालू आर्थिक वर्षमा पनि एक करोड २५ लाख हाराहारी रकम विनियोजन गरेको थियो। उक्त रकमबाट हालसम्म बबरमहलस्थित वडा कार्यालयसँगै संरचना तयार हुँदै छ।

गोरखाका नौ युवा ठग्ने बराम पक्राउ

काठमाडौं/ भिजिट भिसामा युरोप उडाइदिने भनेर गोरखाका नौ युवा ठग्ने गोरखा बारपाक सुलिकोट गाउँपालिका- ४ का २९ वर्षीय राजेश बरामलाई प्रहरीले पक्राउ गरेको छ। बरामले ती युवालाई अल्बानिया हुँदै ग्रिसलगायतका मुलुक पठाइदिने प्रलोभन देखाएर ५० लाखभन्दा धेरै ठगेको पीडितहरूको गुनासो छ।

ठगिएका तीन युवाले २७ जेठमा गृहमन्त्री रमेश लेखकमाथि पनि छानबिनको माग गर्दै अख्तियारमा उजुरी दिएका थिए। त्यसको दुई दिनपछि २९ जेठमा उनीहरूसहित सात युवाले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा पनि ठाडो उजुरी दिएका थिए। अख्तियारले आफूकहाँ परेको उजुरीमाथि पनि अनुसन्धान गर्न प्रहरीलाई नै परिपत्र गरेको थियो। त्यसपछि उपत्यका अपराध अनुसन्धान कार्यालयले घटनाको अनुसन्धान गरेको थियो। अनुसन्धानकै क्रममा बराम पक्राउ परेको कार्यालयका प्रवक्ता एसपी काजीकुमार आचार्यले बताए। 'भिजिट भिसामा विभिन्न मुलुक पठाइदिने प्रलोभनमा ठगी गर्ने एक व्यक्ति पक्राउ परेका छन्। उनीविरुद्ध पीडितको जाहेरी परेको थियो। घटनाको अनुसन्धान भइरहेको छ,' प्रवक्ता आचार्यले बताए।

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारे प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति : २०८२।०३।१० गते)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१ (एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामादिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यविधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

धितो लिलाम बिक्री हुने मिति : २०८२ साल श्रावण महिना १४ गते बुधवार दिनको १२ बजे देखि ३ बजे सम्म
सम्बन्धित कार्यालय र लिलाम हुने स्थान : कृषि विकास बैंक लि शाखा कार्यालय, बेनी, म्याग्दी

ग्राहकको विवरण

फर्म वा कम्पनीको नाम : शिद्ध बराह बाख्रापालन तथा कृषि फर्म, प्रोप्राइटरको नाम : अधिराज मल्ल, पान नं. : ६०२८५३८१९
दर्ता भएको कार्यालय : उद्योग मन्त्रालय, उद्योग विभाग, घरेलु तथा साना उद्योग विकास समिति म्याग्दी फर्म/कम्पनीको दर्ता नं. १२६४, दर्ता मिति : २०७१/०९/२४

लिलाम हुने अचल सम्पत्तिको विवरण:

कर्जा शिर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
पशुपालन	तिर्थ कुमारी मल्ल	म्याग्दी	ज्यामरुकोट	१	३६०	१-१५-०-०
				३	२५९, ४८९, ५३७	८-०-१-१, १-४-३-०, ११-४-३-३
	तिर्थ कुमारी मल्ल/ हेम कुमारी मल्ल (संयुक्त)	म्याग्दी	ज्यामरुकोट	३	४९४	३-८-३-३

प्रोप्राईटर/संचालक/साझेदार/संचालकहरुको विवरण:

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
अधिराज मल्ल	ज्यामरुकोट- ०३, म्याग्दी	४९१००३/२९०	म्याग्दी/२०६३/११/०८/जिल्ला प्रशासन	अनन्तराज मल्ल	खडक बहादुर

तथा धितो जमानीकर्ताको विवरण:

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
तिर्थ कुमारी मल्ल	ज्यामरुकोट- ०३, म्याग्दी	३४१/२६९२	म्याग्दी/२०४३।०९।१२/ जिल्ला प्रशासन कार्यालय म्याग्दी	अनन्तराज मल्ल	खडक बहादुर
हेम कुमारी मल्ल	ज्यामरुकोट- ०३, म्याग्दी	३४८/२६९१	म्याग्दी/२०४३।०९।१२/ जिल्ला प्रशासन कार्यालय म्याग्दी	अनन्तराज मल्ल	खडक बहादुर

शर्तहरु :

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी रकम बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी बापत त्यसै दिन यस बैंकमा जम्मा भएको हुनु पर्नेछ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाईने छैन।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारवाही हुने छैन।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै व्यहोर्नु पर्नेछ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, काठमाण्डौं ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, भक्तपुरको

संशोधित र अन्तिम कर निर्धारण आदेश जारी गरिएको सम्बन्धी अत्यन्त जरूरी सूचना

(सूचना प्रकाशन मिति : २०८२/०३/१०)

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत दर्ता रहेका तपसिलमा उल्लिखित करदाताको देहाय बमोजिमको आ.व.को कारोबारको पूर्ण कर परीक्षणका लागि छनौट भएकोमा करदाता दर्ता हुँदाको अवस्थामा उपलब्ध गराएको ठेगाना तथा अभिलेखमा उल्लिखित टेलिफोन/मोबाइल नम्बरमा सम्पर्क स्थापित गर्न प्रयास गरिएकोमा सम्पर्क हुन नसकेकोले छानविन तथा पूर्ण कर परीक्षण प्रयोजनको लागि तपसिलमा उल्लिखित करदाताको सम्बन्धित आ.व.को कारोबारसँग सम्बन्धित सम्पूर्ण खाता, बही, बिल बीजक लगायतका कागजात सहित उपस्थितिको लागि जिल्ला हुलाक कार्यालय, भक्तपुर मार्फत पत्राचार समेत गरिएकोमा तोकिएको म्यादभित्र सम्पर्क गर्न नआएको र प्रमाण कागजात समेत पेश नगरेकोले कार्यालयमा उपलब्ध रहेको सूचना समेतको आधारमा कर परीक्षण सम्पन्न गरी आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम अग्रिम कर कट्टीको सूचना, आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिमको संशोधित कर निर्धारणको सूचना तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिमको प्रारम्भिक कर निर्धारण आदेश जारी गरिएकोमा उक्त सूचना तथा आदेशमा संशोधित कर निर्धारण हुनु नपर्ने/अग्रिम कर कट्टी रकम निर्धारण हुनु नपर्ने/मू.अ.कर निर्धारण गर्नुनपर्ने कुनै कारण तथा सफाईको सबुद प्रमाण भए यसै सूचना प्रकाशन गरिएको मितिले १५ (पन्ध्र) दिन भित्र आन्तरिक राजस्व कार्यालय भक्तपुरमा सञ्चालक स्वयं वा प्रतिनिधि मार्फत पेश गर्न आयकर ऐन, २०५८ को दफा ७९(३) तथा मू.अ.कर नियमावली, २०५३ को नियम ३१(३) को प्रयोजनको लागि मिति २०८१/०२/२४ मा सूचना प्रकाशित गरिएकोमा तोकिए बमोजिमको म्याद भित्र करदाताबाट सफाईको सबुद प्रमाण/कागजात पेश हुन नआएकोले आयकर ऐन, २०५८ को दफा १०२ अनुसारको अन्तिम कर निर्धारण, आयकर ऐन, २०५८ को दफा ९०(८) अनुसारको अग्रिम कर कट्टी निर्धारणको आदेश र मू.अ.कर नियमावली, २०५३ को नियम २९(३) अनुसारको अन्तिम कर निर्धारण आदेश जारी गरिएको व्यहोरा जानकारी गराइन्छ। यो सूचना/आदेश जारी भएको मितिले १५ दिन भित्र बैंकमा दाखिला गर्नुहोला। यो निर्णय उपर चित्त नबुझेमा यो सूचना/आदेश पाएको मितिले ३० (तीस) दिन भित्र आन्तरिक राजस्व विभाग/महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सकिने कुरा समेत जानकारी गराइन्छ।

तपसिल :

सि. नं.	फर्म/प्रा.लि.को नाम	ठेगाना	स्था.ले.नं.	आर्थिक वर्ष	सञ्चालक/ प्रोपाईटर	आयकर /मू.अ.कर निर्धारण रकम रु.	कैफियत
१	एन.जानकी स्टोर प्रा.लि	मध्यपुर थिमि -४, भक्तपुर	६०९८५५६५२	२०७७/०७८	जानकी के.सी	आयकर:५५२६८६.९७	स्वामित्व परिवर्तन हुनु अघि।
२	एन.जानकी स्टोर प्रा.लि	मध्यपुर थिमि -४, भक्तपुर	६०९८५५६५२	२०७७/०७८	गोविन्द आचार्य	आयकर: ५७७३०२६.५८ मु.अ.कर: २००९१५५१ अग्रिम कर कट्टी रकम: १०६८४	स्वामित्व परिवर्तन भए पश्चात्।

टेक एन्ड पे पिपिए : निजी क्षेत्र सिध्याउने अस्त्र

६६ अर्ब २२ करोड लगानी डुबाउने गरी ल्याइएको टेक एन्ड पे पिपिएको घोषणा निजी क्षेत्रका लागि मृत्युदण्डसरह हो



● गणेश कार्की

अग्रलेख

बहुदलीय प्रजातन्त्र स्थापनाअघिसम्म विद्युत्मा निजी क्षेत्रको लगानी कल्पनासमेत गरिएको थिएन। विद्युत् ऐन २०४९ ले विद्युत् उत्पादनमा निजी क्षेत्रलाई ढोका खुला गरिदियो। ०४६ सम्म आइपुग्दा नेपालको जलविद्युत् उत्पादन इतिहास ७८ वर्षको थियो, तर उत्पादन १७६ मेगावाट मात्र। जब निजी क्षेत्रले ०५७ देखि विद्युत् उत्पादन सुरु गर्‍यो, अहिले उत्पादन क्षमता ३६ सय मेगावाट पुगेको छ। यसमा निजी क्षेत्रको योगदान मात्र २९ सय मेगावाटको छ। सरकारको १७६ मेगावाटको क्षमता बढेर ३४ वर्षमा सात सय मेगावाट पुग्दा निजी क्षेत्रले २५ वर्षमै उत्पादनमा यति ठुलो परिमाण उत्पादन गर्न सक्यो। उत्पादनमा ८० प्रतिशतभन्दा बढी योगदान पुर्‍याएको निजी क्षेत्रको नेतृत्वमा अहिले ४१ सय मेगावाटका आयोजना निर्माणाधीन छन् भने चार हजार मेगावाटका आयोजना विद्युत् खरिद सम्झौता (पिपिए) गरेर वित्तीय व्यवस्थापनको चरणमा छन्।

ऊर्जा क्षेत्रमा नेपाल विद्युत् प्राधिकरण एक मात्र खरिदकर्ता हो र प्राधिकरणले 'टेक अर पे' (लिऊ वा तिर) मा पिपिए गर्दै आएको छ। अहिले पनि प्राधिकरणमा १२ हजार आठ सय ८९ मेगावाटका आयोजनाले पिपिएका लागि आवेदन दिएका छन्। तर, पिपिए भएको छैन। सरकारले गत मंसिरमा आगामी सन् २०३५ भित्र २८ हजार ५०० सय मेगावाट उत्पादन पुर्‍याउने लक्ष्यसहित ऊर्जा विकास मार्गचित्र- २०८१ ल्याएसँगै पिपिएका लागि कुरिरहेका सबै जलविद्युत् आयोजना उत्साहित भए, अब पिपिए खुल्छ। पिपिए खुल्ने संकेत ऊर्जा मन्त्रालयदेखि प्राधिकरणसम्मले गरिसकेका थिए। प्राधिकरणले सांकेतिक रूपमा करिब पाँच हजार मेगावाटको पिपिएका लागि आह्वान पनि गरिसकेको थियो, तर यसविपरीत आगामी आवको बजेटमा विद्युत् उत्पादन र खपतबिच सन्तुलन गर्ने गरी विद्युत् खरिद सम्झौता (पिपिए) गर्ने नीति अवलम्बन गरिने र रन अफ दि रिभर (आरओआर) आयोजनाको 'टेक एन्ड पे' (लिऊ र तिर) को आधारमा विद्युत् खरिद सम्झौता (पिपिए) गरिने घोषणा गर्‍यो। 'टेक एन्ड पे पिपिए' यस्तो अस्त्र हो, जसले निजी क्षेत्रलाई विद्युत् उत्पादनका लागि लगानी गर्ने ढोका बन्द गर्छ।

किन टेक एन्ड पे निजी क्षेत्रविरोधी ? : अहिले टेक अर पे (लिऊ वा तिर) मा पिपिए गरिन्छ। यो भनेको जलविद्युत् आयोजना निर्माणपछि प्राधिकरणले सम्पूर्ण उत्पादित विद्युत् खरिद गर्ने व्यवस्था हो। टेक एन्ड पे पिपिए भनेको प्राधिकरणले आवश्यक ठानेमा मात्र बिजुली लिने हो, अर्थात् उसले विद्युत् खरिद गर्ने या नगर्ने कुनै सुनिश्चित हुँदैन। यस्तो पिपिएमा बैंक तथा वित्तीय संस्थाले ऋण लगानी त गर्दैनन् नै, लगानीकर्ताले पनि यसमा लगानी गर्ने अवस्था हुँदैन। यस्तो अवस्थामा निजी क्षेत्रले कुनै पनि जलविद्युत् आयोजना निर्माण गर्ने सम्भावना हुँदैन।

यसबारे विश्लेषण नै नगरी बजेटमा आएको आरओआरको टेक एन्ड पे पिपिए घोषणाले विभिन्न चरणमा रहेका १७ हजार ११७ मेगावाटका आयोजनाको निर्माण कार्य रोकिने अवस्था छ भने आयोजनाका लागि निजी क्षेत्रले हालसम्म खर्च गरिसकेको ६६ अर्ब २२ करोड रुपैयाँ डुब्ने अवस्था छ। यो व्यवस्थाले निर्माण अनुमति लिएर पिपिएका लागि पर्खिरहेका र हालसम्म ३५ अर्ब ३९ करोड खर्च गरिसकेका २०७८ मेगावाट तथा निर्माण अनुमतिपत्रका लागि आवेदन दिएर पिपिए कुरिरहेका र हालसम्म २५ अर्ब ७४ करोड खर्च गरिसकेका ६ हजार ४३६ मेगावाटका आयोजना तथा पाँच अर्ब रुपैयाँ खर्च गरिसकेका पाँच हजार ७९ मेगावाट तथा सर्भेका लागि आवेदन दिइसकेका तीन हजार ५२१ मेगावाटका आयोजनाको निर्माणमा यसले प्रत्यक्ष असर गर्ने निश्चित छ।

बजेटको व्यवस्थासँगै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गतको विद्युत् विकास विभागले निजी क्षेत्रलाई ठुलो रकम लिएर अनुमतिपत्र दिने तर निजी क्षेत्रले धेरै लगानी गरेर पिपिए गर्ने चरणमा पुगेको वेला टेक एन्ड पेमा मात्र पिपिए गर्छु भन्ने घोषणाले निजी लगानीकर्तालाई पूर्ण रूपमा हतोत्साहित र निरुत्साहित बनाएको छ।

सरकारले ११४ वर्षमा सात सय मेगावाट मात्र उत्पादन गर्न सकेको र निजी क्षेत्रले २५ वर्षमै २९ सय मेगावाट उत्पादन गरेर थप २० हजार मेगावाट उत्पादन गर्छु भनेर उत्साहित रूपमा लगानी गर्न कस्सिरहेका वेला १७ हजार मेगावाटको निर्माण रोकिने र ६६ अर्ब २२ करोड लगानी डुबाउने गरी ल्याइएको टेक एन्ड पे पिपिएको घोषणा निजी क्षेत्रका लागि मृत्युदण्डसरह हो। लगानी सम्मेलनदेखि राष्ट्रिय/अन्तर्राष्ट्रिय फोरममा लगानीमैत्री वातावरण बनाउने र लगानीको सुरक्षाको ग्यारेन्टी गर्ने सरकारको सार्वजनिक प्रतिबद्धतासामु यस्तो व्यवस्थाले 'मुखमा राम राम, बगलीमा छुरा' भन्ने नेपाली उखानलाई चरितार्थ गरेको छ। यसले निजी क्षेत्रका लगानीकर्ताको ठुलो रकम डुबेर सडकमा पुग्ने अवस्था सिर्जना हुन्छ। यसले लगानीकर्ता मात्र डुब्दैनन्, एउटा कम्पनीले अरू आयोजना पनि निर्माण गरिरहेकाले यसले धेरै बैंक तथा वित्तीय संस्थामा समेत गम्भीर समस्या आउन सक्छ। यसले निर्माण कम्पनी, परामर्शदाता कम्पनी, उत्पादनकर्ता, आपूर्तिकर्ताका साथै सिमेन्ट, डन्डी, अटोमोबाइललगायत सहायक उद्योगका उत्पादनमा समेत असर पार्ने निश्चित छ।

उल्टो यात्रातिर सरकार : ०५६ मा १४४ मेगावाटको कालीगण्डकी निर्माणपछि विद्युत् बढी हुने भन्दै प्राधिकरणले विद्युत् खपतका लागि विज्ञापन गर्‍यो। तत्कालीन



जलस्रोतमन्त्रीले त नेपालको पातपातमा बिजुली रहेको भनेर सार्वजनिक अभिव्यक्ति पनि दिए। त्यो वेला विद्युत् व्यापारका लागि पनि प्रयास भयो। त्यसपछि बिजुली बढी भएको भन्दै सरकारले थप आयोजनाको निर्माण रोक्यो। यही उल्टो यात्रामा अहिले पनि सरकार अघि बढेको छ। ०६० देखि झन्डै १२ वर्ष नेपालले दैनिक १६ घण्टासम्म लोडसेडिङ भोग्नुपरेपछि सरकारको चेत खुल्यो। अनि निजी क्षेत्रलाई लगानी आकर्षित गर्ने गरी नीति ल्यायो, सुविधा दियो र निजी क्षेत्रलाई प्रोत्साहित गर्‍यो। नेपाल सरकारले निर्माण गर्ने आयोजना धेरै महँगा हुन थालेपछि निजी क्षेत्रको सहभागितामा कम्पनी मोडेलमा आयोजना निर्माणका लागि प्राधिकरणलाई प्रोत्साहन गरिरहेको सरकारले यही मोडलमा आयोजना निर्माणका लागि जोड दिन थाल्यो।

पञ्चायतकालमै निर्माण भएको कुलेखानी जलाशयबाहेक अहिलेसम्म कुनै जलाशययुक्त आयोजना बनेको छैन, यद्यपि यही कुलेखानी जलाशयको एउटा क्यासकेड आयोजना बनेको छ भने १४० मेगावाटको तनहुँ जलाशय निर्माण भइरहेको छ। तर, अन्य बुढीगण्डकीलगायत धेरै जलाशययुक्त आयोजना प्रस्तावित भए पनि सरकारले निर्माण गर्न सकिरहेको छैन। तर, प्राधिकरणले सहायक कम्पनीमार्फत निजी क्षेत्रको सहभागितामा कम्पनी मोडलमा आयोजना निर्माणलाई भने तीव्रता दिएको छ। जलाशययुक्त आयोजना बनाउन नसक्ने सरकारको टेक एन्ड पे पिपिएको व्यवस्थाले प्राधिकरणले सहायक कम्पनीमार्फत निर्माण गर्ने आयोजनासमेत प्रभावित हुने निश्चित छ। सरकारको बजेटमा निजी क्षेत्रलाई मात्र टेक एन्ड पे पिपिए भनिएको छैन।

> पिपिएमा बैंक तथा वित्तीय संस्थाले ऋण लगानी त गर्दैनन् नै, लगानीकर्ताले पनि यसमा लगानी गर्ने अवस्था हुँदैन। यस्तोमा निजी क्षेत्रले कुनै पनि जलविद्युत् आयोजना निर्माण गर्ने सम्भावना बन्द हुन्छ।

'टेक एन्ड पे'मा मात्र पिपिए गर्ने व्यवस्था सरकार स्वयंले ल्याएको २८ हजार ५०० मेगावाट उत्पादन पुर्‍याउने लक्ष्यसहितको ऊर्जा विकास मार्गचित्र, २०८१ विरुद्ध छ भने यो विद्युत ऐन, २०४९, जलविद्युत् नीति २०५८, जलस्रोत नीति र ऐनको समेत बर्खिलापमा छ। यस्तै यो घोषणा राष्ट्रिय योजना आयोगको १६औँ पञ्चवर्षीय योजनाको लक्ष्य हासिलमा समेत बाधक बन्ने निश्चित छ। यसले विदेशी लगानीकर्ता भित्र्याउने तथा छिमेकी मुलुक भारतलाई १० हजार मेगावाट विद्युत् निर्यात गर्नेलगायत सबै लक्ष्यका लागि पनि बाटो बन्द गरिदिएको छ। एकातिर बजेटमा निजी क्षेत्रलाई प्रवर्द्धन गर्ने भन्ने अर्कातिर निजी क्षेत्रले लगानी गर्न नसक्ने वातावरण बनाउने विषय निजी क्षेत्रसामु प्रधानमन्त्रीदेखि मन्त्री र उच्च कर्मचारीले विभिन्न सार्वजनिक फोरममा गरेका प्रतिबद्धताविपरीत छ।

यो प्रावधान हालसम्म १५ खर्बभन्दा बढी लगानी गरिसकेको र अब ३० खर्बभन्दा बढी लगानीका लागि तम्सिएको निजी क्षेत्रलाई तर्साउने र ऊर्जा सुरक्षालाई कमजोर पार्ने नियतले आएको छ

सुधार्नु नै अन्तिम विकल्प : निजी क्षेत्रले मात्र होइन, टेक एन्ड पे पिपिएको घोषणा गलत छ भनेर ऊर्जा क्षेत्रको जिम्मेवारी लिएको सरकारकै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको औपचारिक धारणा आइसकेको छ। यसको संशोधनका लागि २७ जेठ ०८२ मा ऊर्जा मन्त्रालयले प्राधिकरणको समेतको प्रस्तावमा अर्थ मन्त्रालयलाई औपचारिक पत्र पठाइसकेको छ। ऊर्जासँग सम्बन्धित बजेटमा सबै व्यवस्था ऊर्जा मन्त्रालयकै हुन्छ र यसको जस-अपजस पनि उसैले लिनुपर्छ। तर, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको प्रस्तावबेगरै अर्थ मन्त्रालयद्वारा बजेटमा चोर बाटोबाट टेक एन्ड पे पिपिए समावेश गर्नु बजेटको सिद्धान्तविपरीत छ।

बजेटमा सार्वजनिक टेक एन्ड पे पिपिएको बजेटमा घोषणा फिर्ता नलिएमा यसले ऊर्जा क्षेत्रमा गम्भीर असर पर्ने निश्चित छ। 'बिरालोलाई ढोका थुनेर कुटेपछि चिथोर्नुको विकल्प हुँदैन' भन्ने उखानझैँ निजी क्षेत्रले आफ्नो डुबेको लगानी फिर्ताका लागि सडकदेखि 'ब्ल्याक आउट'सम्मको आन्दोलन गर्नुको विकल्प छैन। तिमीले उत्पादन गरेको बिजुली किनिदिन्छु भनेर अनुमतिपत्र दिएर धेरै खर्च गरिसकेपछि तिम्रो बिजुली नकिन्न पनि सक्छु भन्नु गलत छ। कि सरकारले टेक एन्ड पे पिपिएबाट पीडित सबै आयोजनाले हालसम्म गरेको खर्च फिर्ता गरेर ती आयोजना लिन सक्नुपर्‍यो, अन्यथा यसलाई सुधार गर्नुको विकल्प छैन। हुन त निजी क्षेत्रलाई विद्युत् व्यापारको ढोका खुलेपछि टेक एन्ड पे पिपिए व्यवस्थाले उसलाई असर नपर्ने तथा विद्युत् खपत देशभित्रै हुन नसक्ने भएकाले यस्तो प्रावधान राखिएको भन्ने तर्क पनि गरिन्छ। तर, निजी क्षेत्र विद्युत् व्यापारका लागि खुला पहुँचको व्यवस्था सजिलै हुनेमा विश्वास गर्दैन। ०६५ मा संसद् पुगेको विद्युत् विधेयक हालसम्म पनि संसद् र सिंहदरबारतिर 'लेफ्ट राइट' गरिरहेको छ। विधेयक पारित भएपछि नै पनि खुला पहुँचका लागि सबै किसिमको प्रबन्ध गर्न लामो समय लाग्छ। अझ व्यापार खुला गरेपछि निजी क्षेत्रबाट आयोजना निर्माणका लागि झन् टेक अर पेको पिपिए आवश्यक पर्छ। यसमा कुनै पनि देशले ऊर्जा सुरक्षाका लागि २५ देखि ३० प्रतिशत मार्जिन ऊर्जा उत्पादन गर्नुपर्छ र आज निर्माण सुरु गरेका आयोजना निर्माण गर्न अर्को पाँच वर्ष समय लाग्छ भन्ने यथार्थलाई पनि बुझ्नुपर्छ। अहिले पनि हिउँदमा छिमेकी मुलुकबाट विद्युत् आयात गर्नुपरेको र वर्षामा छिमेकी मुलुक भारत र बंगलादेशमा विद्युत् व्यापारको सम्भावना रहेकाले तत्काल टेक अर पे पिपिए रोक्नु भनेको निजी क्षेत्रलाई ऊर्जामा लगानीका लागि ढोका बन्द गर्नु हो। अहिले प्राधिकरणले वार्षिक रूपमा १७ अर्बभन्दा बढी विद्युत् बेचिरहेको छ। एक दशकसम्म २० अर्ब आयात मात्र गर्ने मुलुकले हिउँदमा अझै निर्यातबराबरकै आयात गरिरहे पनि निर्यात गर्ने अवस्थामा पुग्नु ठुलो उपलब्धि हो। फेरि पनि नेपाल विद्युत् आयात गर्ने अवस्थामा पुग्ने भएकोले टेक एन्ड पे पिपिएको साटो टेक अर पे पिपिएको व्यवस्था गर्नु उत्तम विकल्प हो। बरु सरकारले बलियो विद्युत् कूटनीतिमार्फत बढीभन्दा बढी विद्युत् छिमेकी मुलुकमा निर्यातका लागि सार्थक पहल गर्नु आवश्यक छ। मुलुकभित्र लगानीयोग्य रकम घटिरहेका वेला सबै पेसा व्यवसायका लागि न्यूनतम आवश्यक वस्तुका रूपमा रहेको विद्युत् उत्पादनमा निजी क्षेत्रलाई निरुत्साहित बनाउनु देशको हितविपरीत छ। यसले नेपाललाई आत्मनिर्भर होइन, परनिर्भर बनाउँदै लैजाने निश्चित छ।

(कार्की स्वतन्त्र ऊर्जा उत्पादक संस्था, नेपाल (इप्पान) का अध्यक्ष हुन्)

---

३ प्रश्न

पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक **राजेन्द्रसिंह भण्डारीलाई**



प्रहरीको अहिलेको आवश्यकता हतियार हो कि अन्य प्राविधिक सक्षमता ?

प्रहरी संगठनका मुख्य दुइटा प्राथमिकताका विषय हुन्छन्। पहिलो हो, संगठनको भौतिक पूर्वाधारमा सुधार। प्रहरी संगठनको भौतिक पूर्वाधार अझै पनि निकै दयनीय छ। गाउँगाउँका चौकीहरू अझै पनि भैँसीको गोठ भन्न सुहाउने खालका छाप्राहरूमा चलिरहेका छन्। त्यसैले, 'भैँसी गोठ टु ब्यारेक' अभियान चलाउनुपर्ने अवस्था छ। प्रहरी कर्मचारीको भान्छादेखि पोसाकसम्म समस्या छ। त्यसमा व्यापक सुधारको खाँचो छ। दोस्रो आवश्यकता भनेको प्राविधिक सुधार हो। अपराध अनुसन्धान गर्नुपर्ने प्रहरीलाई अत्याधुनिक प्रविधिबाट सुसज्जित गराउनु जरुरी छ। यसका लागि अत्याधुनिक ल्याबदेखि अत्याधुनिक उपकरणसम्म प्रहरीलाई उपलब्ध गराउनैपर्छ। त्यसैले, अहिले किन्न आँटिएका हतियार अत्यावश्यक हुन् कि होइनन्, संगठनको नेतृत्वले सोच्नुपर्छ। भिड नियन्त्रणकै लागि यी हतियार लिन लागिएका हुन् भने पनि यो गलत छ। यस्ता हतियारको प्रयोग भिड नियन्त्रणमा गर्नु मानव अधिकारका दृष्टिले पनि गलत मानिन्छ।

प्रहरीको हतियार खरिद प्रकरण जहिल्यै किन विवादमा परिरहन्छ ?

यहाँमात्र होइन, संसारभरमै सबैभन्दा बढी चलखेल हुने हतियार खरिदमै हो। यसमा ठुलाठुला गिरोह र बिचौलिया सक्रिय हुन्छन्। हतियारमा कमिसन पनि बढी आउने र नाफा पनि बढी हुने भएकाले यसमा बढी चलखेल हुन्छ र विवादमा पनि परिरहन्छ।

यसले विगतमा जस्तै प्रहरी संगठन र नेतृत्वलाई नै विवादमा तान्ने सम्भावना कति छ ?

यस विषयमा नेतृत्वले नै ध्यान पुर्‍याउनु जरुरी छ। प्रहरीका लागि यतिखेर हतियार आवश्यक हो कि भौतिक पूर्वाधार सुधार महत्त्वपूर्ण हो, यसमा नेतृत्व प्रस्ट हुनुपर्छ। प्रहरी कर्मचारीहरू सामान्य सुविधाबाट समेत वञ्चित भइरहेको समयमा नेतृत्वको ध्यान हतियार खरिदतिर केन्द्रित भयो भने यसले प्रहरीको मनोबल कमजोर हुन सक्छ।

प्रेरक प्रसंग

युवकको फुर्ती

व्यवस्थापन संकायको उच्च शिक्षा प्राप्त गरेको एक युवकले निकै राम्रो जागिर पाए। कम्पनीले उनलाई काम गर्न एक अलग्गै क्याबिन पनि दियो। आज उनको जागिरको पहिलो दिन थियो। उनी समयमै कार्यालय पुगे। कम्पनीले आफूलाई दिएको कुर्सीमा बसेर उनी सानदार क्याबिन नियाल्दै थिए। त्यति नै वेला उनको ढोका कसैले ढकढकाएको आवाज आयो। उनले ढोकातिर यसो हेरे। त्यहाँ एक सामान्य देखिने मानिस एउटा झोला बोकेर उभिइरहेका थिए। युवकले ती आगन्तुकलाई भित्र बोलाएर आउनुको कारण सोध्नुको साटो आधा घण्टा प्रतीक्षा गर्नू भनेर आफू काममा लागेजस्तो गर्न थाले।

आधा घण्टापछि पुनः तिनै मानिसले भित्र आउने अनुमति माग्दै ढोका ढकढकाए। उनलाई भित्र आउने अनुमति दिएर युवक आफ्नो टेबलमा राखिएको टेलिफोनको रिसिभर उठाएर कसैसित कुरा गर्न थाले। उनी फोनमा कसैसित धेरै-धेरै पैसा र सुविधाको कुरा गर्न थाले। उनी फोनमा आफ्नो ऐसआरामबारे अनेक कुरा गरिरहेका थिए। भित्र पसेका व्यक्ति पनि उनका कुरा चुपचाप सुनिरहेका थिए। तैपनि, ती युवकले आफ्नो वार्तालाप रोक्नुको साटो जारी नै राखे। जब उनको कुराकानी सकियो। त्यसपछि टेलिफोन राखिसकेपछि उनले ती आगन्तुकसित प्रश्न गरे- तिमी यहाँ किन आएका हौ ? मसँग तिम्रो के काम थियो ? आगन्तुकले युवकको टेबलमा रहेको टेलिफोनतिर देखाउँदै विनम्रतापूर्वक भने- म टेलिफोन कार्यालयबाट टेलिफोन मर्मतका लागि आएको हुँ। तपाईं भर्खरै जुन टेलिफोनमार्फत कसैसित कुरा गर्दै हुनुहुन्थ्यो, त्यो एक साताभन्दा लामो समयदेखि बन्द छ भन्ने मैले खबर पाएको थिएँ। त्यसैले, यसको मर्मत गर्न आएको हुँ हजुर !

आगन्तुकको जवाफ सुनेपछि ती युवक लाजले रातोपिरो भए। उनी चुपचाप आफ्नो क्याबिनबाट बाहिर निस्किए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

आर्यघाट पनि नछोड्ने ?

'आर्यघाटमा पनि भ्रष्टाचार' शीर्षकको समाचार नयाँ पत्रिकामा पढियो। यो देशका भ्रष्टले मान्छेको शवमाथि पनि भ्रष्टाचार गरेर अकुत कुम्ल्याउन नछाड्ने रहेछन् भन्ने यस समाचारले पुष्टि गरेको छ। मान्छेका शव जलाउने मेसिन, शवदहन गर्ने दाउरा, पशुपतिको भेटी, जलहरी आदिमा पनि भ्रष्टाचार गर्ने पदाधिकारीबाट के नै आस गर्नु र ? यिनले पाए भने कुनै दिन यिनै मन्दिर र त्यहाँका मूर्तिसमेत बेच्न बेर लगाउनेछैनन्। यस्ता भ्रष्ट पदाधिकारीलाई जिम्मेवारीमा पठाउने व्यक्ति पनि यो भ्रष्टाचार या कुशासनका लागि जिम्मेवार छन्। तिनलाई पनि अनुसन्धानको दायरामा ल्याई दोषी भेटिए कानुनी कारबाही प्रक्रिया अघि बढाउनुपर्छ। अन्यथा, भविष्यमा पनि यस्ता घटना दोहोरिइरहनेछन्।

● **कविता मगर,** सुनाकोठी, ललितपुर

कान्छारामले ठिक भने

कांग्रेस सांसद तथा पूर्वराज्यमन्त्री कान्छाराम तामाङले संसद्को रोस्ट्रमबाट बोल्दै सहरी विकासमन्त्री र अर्थमन्त्रीलाई जेजस्ता प्रश्न गरेका छन्, ती एकदमै जायज छन्। मन्त्रीले आफ्नो या कुनै अमुक प्रभावशाली नेताको मात्र क्षेत्र हेरेर हुँदैन। मन्त्री ७७ वटै जिल्लाको प्रतिनिधि हो। देशभरका जनताले मन्त्रीबाट आशा गरेका हुन्छन्। मन्त्रीले आफू र अर्काको क्षेत्र भनेर छुट्याएर हुँदैन। उसका लागि सबै क्षेत्र आफ्नै क्षेत्रबराबर हुनुपर्छ।

● **अपिल खत्री**
फैका, काठमाडौं

कुशासनको नमुना

'महानगरमा मौलाउँदै आर्थिक बेथिति' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो। गाउँगाउँमा सिंहदरबार पुर्‍याएर जनतालाई छिटोछरितो सेवा र सुशासन प्रवाह गर्ने प्रवाह गर्ने भनी स्थानीय सरकारको कल्पना गरियो। तर, संघीय राजधानीमा रहेको सिंहदरबारको कुशासन सर्लक्कै गाउँगाउँमा पुगेका सिंहदरबारमा सरेकाले ६ महानगरमा मात्र झन्डै १३ अर्ब बेरुजु रहेको देखिन्छ। यसरी अर्बौं बेरुजु रहनुमा हाम्रो प्रणाली र ती महानगरमा निर्वाचित भएर गएका पदाधिकारी जिम्मेवार छन्।

● **सुरुचि परियार**
ढल्को, काठमाडौं

यस्तो दम्भ किन सरकार ?

दुई ठुला दल मिलेर सरकार बनाउने, प्रतिपक्षीको आवाज नसुन्ने सरकारले जनहितमा काम कसरी गर्ला ? सांसदले बोलेको नसुन्ने सरकारले जनताले बोलेको के सुन्ला ? सरकारले केको दम्भ देखाउँदै छ यतिखेर ? अबको निर्वाचनमा जनताले मूल्यांकन गर्नैपर्छ, को ठिक हो, को बेठिक हो। सधैँ मेरो फलानो भन्यो भने फेरि पनि यस्तै शासकले शासन गर्छन्, जनता सधैँ भोकाको भोकै, नांगाको नांगै नै हुने हो। आश्वासनले जनताको पेट भरिँदैन। त्यसका लागि रासन चाहियो सरकार ! प्रधानमन्त्री पाइने जिजीविषाका कारण कांग्रेस सभापति शेरबहादुर देउवा सरकारको विरोध नगरी मौन बसिरहेका छन्। सरकारले जे गर्दा पनि मौन बस्नु भनेको भ्रष्टाचार, कुशासनलाई मलजल गर्नु हो।

मानव तस्करीजस्तो जघन्य आरोप लागिसकेपछि छानबिन त गर्नैपर्‍यो नि ! गृहमन्त्री हुँ भन्दैमा पदमा टाँसिइरहन कसरी मिल्छ ? उनी दोषी होलान्, नहोलान्, छानबिनले प्रमाणित गर्ने विषय हो। तर, छानबिन नै प्रभावित गर्ने गरी पदमा ढसमस्स बसिरहनु त गैरराजनीतिक चरित्र भएन र ? के यो देशमा नेता या मन्त्री भएकै भरमा जस्तोसुकै अपराध गर्न पनि छुट पाइने हो ? प्रधानमन्त्रीले शपथ लिँदा भनेका थिए- म भ्रष्टाचार गर्दिनँ भ्रष्टाचारीलाई छाड्दिनँ। प्रधानमन्त्रीको नजरमा भ्रष्टाचारीचाहिँ कस्ता व्यक्ति हुँदा रहेछन्, कुन्नि ? अनि, भ्रष्टाचारीलाई संरक्षण गर्नु भ्रष्टाचार गर्नुबराबर नै होइन र ?

● **पुरुषोत्तम घिमिरे,** जोरपाटी, काठमाडौं

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

नरसंहार वैध, प्रतिरोध अपराध !

५० हजारभन्दा बढी बालबालिका मारिएका वा घाइते हुँदा पनि नागरिक अवज्ञा औचित्यपूर्ण ठहर्दैन भने कहिले ठहरिन्छ ?



देश/विदेश

● सेली रुनी

२० जुनका दिन एक दुःखद तर परिचित घटनाको पुनरावृत्ति भयो। इजरायली सेनाले फेरि एकपटक खाद्य सहायता वितरण स्थलमा प्यालेस्टिनीमाथि गोली चलायो, जसमा २३ नागरिक मारिए। सोही दिन बेलायतस्थित समूह 'प्यालेस्टाइन एक्सन'सँग आबद्ध केही अभियन्ताले एक रोयल एयरफोर्स (आरएएफ) को हवाई सैन्य आधार शिविरमा पसेर दुइटा सैन्य विमानमा तोडफोड गर्नुका साथै र चित्र कोरेका थिए। उल्लिखितमध्ये एक घटनामा सर्वसाधारणमाथि जानीजानी घातक हिंसा गरिएको थियो, नतिजा २३ जनाको मृत्यु भयो। अर्को घटनामा कुनै पनि जीवित प्राणीमाथि कुनै हिंसा गरिएको थिएन र कुनै हताहती वा चोटपटक पनि भएन। बेलायती सरकारले अहिले यी दुईमध्ये एक घटनालाई आतंककारी अपराधका रूपमा कारबाही गर्ने घोषणा गरेको छ। तपाईं अनुमान लगाउनुस्, कुन घटनालाई सरकारले आतंक करार गरेको होला ?

अन्तर्राष्ट्रिय संगठनले इजरायलले गाजामा गरिरहेको युद्ध अपराधलाई प्रायः एकमतले नरसंहारका रूपमा मूल्यांकन गरेका छन्। गएको नोभेम्बरमा राष्ट्र संघको विशेष समितिले इजरायली सैन्य अभियानलाई नरसंहारअनुरूप भएको ठहर गरेको थियो, र डिसेम्बरमा एमनेस्टी इन्टरनेसनलले इजरायलले 'नरसंहार भइसकेको र अझै भइरहेको' निष्कर्ष निकालेको थियो। हाल इजरायलका अकारण र अवैध आक्रमणले अमेरिकालाई इरानसँगको युद्धमा तानिसकेको छ, जुन अमेरिकी र अन्तर्राष्ट्रिय दुवै कानुनको उल्लंघन हो। गाजामा नरसंहार जारी रहँदा इजरायली आक्रामकताले क्षेत्रीय मात्र नभई सम्भावित विश्वव्यापी युद्धको खतरा सिर्जना गरेको छ।

यस्तो अवस्थामा पनि बेलायतले इजरायललाई सैन्य खुफिया जानकारी र घातक हतियार आपूर्ति गरिरहेकै छ। जब कि एक सर्वेक्षणअनुसार ५६ प्रतिशत बेलायती नागरिकले इजरायलमाथि हतियार प्रतिबन्धको समर्थन गरेका थिए। लाखौँले शान्तिपूर्ण प्रदर्शनमार्फत नरसंहार रोक्न माग गरेका छन्, तर सरकारले अझै पनि इजरायलप्रति आफ्नो अडान परिवर्तन गरेको छैन। बहुसंख्यक जनताको समर्थनसहितको आन्दोलनसमेत हालसम्म निष्प्रभावी देखिएको छ। अब भन्नुस्, राज्य आफैँले नरसंहारको समर्थन गरिरहेको छ भने विवेकशील जनताले के नै गर्न सक्छन् र ?

ब्राइज नोर्टनको शाही हवाई अड्डामा पसेका अभियन्तालाई आफ्नो गतिविधि अवैध हुन् भन्ने थाहा थियो। तर, मताधिकार आन्दोलनदेखि समलैंगिक अधिकारका लागि संघर्षसम्म र रंगभेदविरोधी आन्दोलनसम्मका सबै राजनीतिक प्रतिरोध सधैँ जानाजानको कानुन उल्लंघनसँग जोडिएको इतिहास छ। मार्टिन लुथर किङ जुनियरले बर्मिङ्घमको जेलबाट 'एक व्यक्तिले अन्यायपूर्ण कानुनको पालना नगर्ने नैतिक जिम्मेवारी वहन गर्छ' भनेर लेखेका थिए। र, नरसंहारलाई सहज बनाउन हतियार उपलब्ध गराउनु केवल अन्याय मात्र नभई नैतिक पतनको पराकाष्ठा हो। विरोधमा कानुन तोड्ने साहस राख्ने, जसमा धेरैजना अहिले नै जेल सजाय भोगिरहेका छन्, ती मानिस उच्चतम सम्मानका हकदार हुन्।

वास्तवमा आतंकवाद ऐनअन्तर्गत कुनै संगठन समूललाई बन्देज लगाउनु व्यक्ति विशेषलाई कानुन उल्लंघनका लागि अभियोजन लगाउनुभन्दा फरक हो। यदि सरकारले 'प्यालेस्टाइन एक्सन' नामक समूहलाई आतंककारी संगठनका रूपमा सूचीबद्ध गर्ने आफ्नो योजना कार्यान्वयन गर्‍यो भने त्यसले सो समूहको सदस्य हुनु आफैँमा अपराध ठहर्नेछ। वास्तवमा यस समूहको समर्थनमा केवल शब्दमा बोल्नु मात्रै (जसरी म अहिले बोलिरहेकी छु) पनि गम्भीर कानुनी अपराध ठहर्न सक्नेछ, नतिजा १४ वर्षसम्मको जेल सजाय हुन सक्छ। यसबाहेक समूहका सदस्य वा समर्थकसँग गरिने आर्थिक कारोबार पनि गैरकानुनी ठहरिन सक्छ। जब कि कारोबार गर्नेले कानुनविपरीत केही नगरेका भए पनि केवल आन्दोलनमा संलग्न भएको वा समर्थन जनाएका कारण सजाय भुक्तान गर्नुपर्ने हुन्छ।



तस्बिर : एनाडोलु

बेलायती कानुनअनुसार होम सेक्रेटरी (गृहमन्त्री) लाई 'आतंकवादमा संलग्न' कुनै पनि संस्थामाथि प्रतिबन्ध लगाउने विस्तृत अधिकार प्राप्त छ। अहिलेसम्म यो प्रक्रिया केवल त्यस्ता उग्रवादी समूहमाथि प्रयोग गरिएको छ, जुन प्रत्यक्ष रूपमा हिंसात्मक सशस्त्र संघर्षमा संलग्न थिए वा त्यसको खुला वकालत गर्थे। तर, सबैभन्दा महत्त्वपूर्ण के छ भने सो ऐनमा 'आतंकवाद'को परिभाषा यति अस्पष्ट छ कि यसमा केवल सम्पत्तिमा क्षति पुर्‍याउनु वा विद्युतीय प्रणालीमा अवरोध उत्पन्न गर्नुजस्ता कार्य पनि पर्छन्, जबकि यसले मानवजीवन वा सार्वजनिक सुरक्षामाथि कुनै खतरा पुर्‍याउँदैन। सरकारले यस्तै बाटो अँगाल्यो भने बेलायतको कुनै पनि साधारण नागरिकलाई केवल अहिंसात्मक आन्दोलनको समर्थन गर्ने अभिव्यक्तिका लागि पनि सैद्धान्तिक रूपमा जेल पठाउन सकिनेछ। व्यापक सैद्धान्तिक प्रश्नलाई एकपटक अलग राख्दा पनि यो अभिव्यक्ति स्वतन्त्रताको गम्भीर संकुचनको प्रतीक हुनेछ।

प्यालेस्टाइन एक्सन सशस्त्र समूह होइन। यो अहिलेसम्म कुनै पनि व्यक्तिको मृत्युका लागि जिम्मेवार छैन र यसले सार्वजनिक सुरक्षामा कुनै खतरा पैदा गरेको छैन। यसको आन्दोलनमा सम्पत्तिमा तोडफोड अवश्य पर्छ, जुन निःसन्देह कानुनविपरीत हो। तर, खाद्यान्न वितरण केन्द्रमा २३ नागरिकको हत्या गर्नु आतंकवाद होइन भने एउटा जहाजमा स्प्रे-पेन्ट गर्नु कसरी आतंकवाद ठहरिन सक्छ ? कानुनी दायराभित्रको विरोधले अहिलेसम्म यो नरसंहार रोक्न सकेको छैन। ५० हजारभन्दा बढी निर्दोष बालबालिका मारिएका वा घाइते भएका छन्। यदि यति गम्भीर परिस्थितिमा पनि नागरिक अवज्ञा औचित्यपूर्ण ठहर्दैन भने कहिले ठहरिन्छ त ? अहिलेलाई म प्यालेस्टाइन एक्सन समूहप्रति पूर्ण समर्थन र प्रशंसा प्रकट गर्छु र यो समर्थन म निरन्तर जारी राख्नेछु, चाहे त्यसलाई आतंककारी अपराध घोषित गरियोस् वा नगरियोस्।

(रुनी लेखक एवं उपन्यासकार हुन्)
द गार्डियनबाट

इरानले हर्मुज जलमार्ग बन्द गरेपछि अमेरिकाले गुहार्‍यो चीन

न्युयोर्क/ अमेरिकाले इरानी आणविक स्थलमा अमेरिकी आक्रमणपछि महत्त्वपूर्ण व्यापारिक मार्ग हर्मुज स्ट्रेट बन्द गर्नबाट रोक्न चीनसँग आग्रह गरेको छ। अमेरिकी विदेशमन्त्री मार्को रुबियोले उक्त जलमार्ग खुलाउन इरानसँग समन्वय गर्न बेइजिङसँग आग्रह गरेका हुन्। 'म चीन सरकारलाई यस विषयमा कुरा गर्न आग्रह गर्छु। खासगरी, इराक, कतार र इरानबाट निर्यात हुने तेलका लागि स्ट्रेट अफ हर्मुजको प्रयोग हुने गर्छ। यो चीनमा इन्धन आयातका लागि पनि प्रमुख मार्ग मानिन्छ,' रुबियोले अमेरिकी समाचार संस्था फक्स न्युजसँग भने। विदेशमन्त्री रुबियोले भने, 'यदि इरानले हर्मुज मार्ग रोक्ने कदम चाल्यो भने यो अर्को भयानक गल्ती हुनेछ। इरानी शासकले हर्मुज स्ट्रेटमा आवागमनलाई रोक्नु उनीहरूका लागि आर्थिक संकट निम्त्याउने कडी बन्न सक्छ।'

रणनीतिक महत्त्व राख्ने हर्मुज स्ट्रेट

हर्मुज स्ट्रेट, इरान र ओमानको सिमानामा रहेको एक रणनीतिक रूपमा महत्त्वपूर्ण जलमार्ग हो, जसले पर्सियन गल्फ र ओमानको खाडीलाई जोड्छ। तेल निर्यातको दृष्टिबाट यो जलमार्ग निकै महत्त्वपूर्ण छ, किनकि इराक, कतार तथा इरान, दुबई र केही अरब राष्ट्रको तेल निर्यात यही मार्ग भएर हुने गर्छ।

हर्मुज स्ट्रेट विश्वभर ग्यास आपूर्तिका लागि पनि उत्तिकै महत्त्वपूर्ण क्षेत्र हो। यसले तेलका धनी मानिने मध्यपूर्वका देशलाई एसिया, उत्तर अमेरिका र युरोपलगायत विश्वका अन्य भागसँग जोड्ने काम गर्छ। हर्मुज स्ट्रेटबाट विश्वको करिब २० प्रतिशत तेल र २० प्रतिशत तरल प्राकृतिक ग्यास ढुवानी हुन्छ। यही रणनीतिक महत्त्वका कारण यो क्षेत्र दशकौँदेखि क्षेत्रीय विवाद र भूराजनीतिक तनावको केन्द्रमा रहँदै आएको छ। विश्लेषकले इरानले वासिंटनले आइतबार बिहान गरेको आक्रमणको बदलामा सामुद्रिक मार्गमा पर्ने हर्मुज स्ट्रेटलाई लामो समय बन्द गर्न सक्ने अनुमान गरेका छन्।

यसैबिच इरानले अमेरिकी सेनाले प्रयोग गर्ने अखडामा आक्रमण गर्ने धम्की दिएको छ। इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनीका सल्लाहकारले ती अखडालाई 'आफ्नो (इरानको) सशस्त्र बलको वैध निसाना' मानिने बताए।

इतिहासमा आज जुन २४



सन् २०१० : जुलिया गिलार्डले अस्ट्रेलियाको पहिलो महिला प्रधानमन्त्रीका रूपमा शपथग्रहण गरिन्।

सन् १९०१ : पाब्लो पिकासोले आफ्नो पहिलो प्रदर्शनी सुरु गरे। पिकासो सबै समयको सबैभन्दा प्रभावशाली कलाकारमध्ये एक बने।

सन् १९४८ : बर्लिन नाकाबन्दी सुरु भयो। पश्चिम जर्मनीमा मुद्रा सुधारको प्रतिक्रियामा सोभियत संघले सबै पहुँच बन्द गर्‍यो। यो शीतयुद्धको पहिलो प्रमुख अन्तर्राष्ट्रिय संकटमध्ये एक थियो। पश्चिमी सहयोगीहरूले अवरुद्ध क्षेत्रमा आपूर्ति ढुवानी गर्न बर्लिनमा हवाई सेवा सुरु गरे।

१९८७ : अर्जेन्टिनी फुटबल खेलाडी लिओनल मेसीको जन्मदिन।

सन् २००२ : अफ्रिकाको सबैभन्दा खराब रेल दुर्घटनामा २८१ जनाको मृत्यु। दुर्घटना तान्जानियानजिकै मसगालीमा भएको थियो। यात्रु रेलको ब्रेक फेल भएपछि १२०० यात्रु सवार उक्त रेल इगान्डु पहाड तल खसेको थियो।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी (प्रकाशित मिति : २०८२/०३/१०)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरवारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स नं ३४१२
फोन न.: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सवैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्वद्ध सवैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०३/१६

बोलपत्र खोलिने मिति २०८२/०३/१७ दिउँसो ३ बजे

तपसिल

५)	**ऋणी: पुष्पादास परियार** स्थायी ठेगाना: कास्की जिल्ला, पोखरा गा.प. वडा नं. ९, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ९, बाबु: गुमान सिं परियार, ससुरा: टिकाराम परियार, पति: पुर्ण बहादुर परियार तथा **विजयदास परियार** स्थायी ठेगाना: कास्की जिल्ला, पोखरा उ.म.न.पा वडा नं. ९, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ९, बाबु: पुर्ण बहादुर परियार, बाजे: टीकाराम परियार
६)	**१) ऋणी कम्पनी: बुच्चे कृषि फार्म प्रा.ली.**, संचालक तथा जमानीकर्ता: मिलन सुवेदी दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा, दर्ता नं. ३००६३०/०७९/०८०, दर्ता मितिः २०७९/०६/२६, ठेगाना: जिल्ला कास्की, पोखरा म.न.पा, वडा नं. १७
	२) ऋणी फर्म: रुपा एण्ड पार्वती फेन्सी पसल, प्रोप्राईटर तथा जमानीकर्ता: पार्वती सुवेदी दर्ता नं.: नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं.: २५३५०/०७८/०७९, दर्ता मिति: २०७८/१०/०६, ठेगाना: जिल्ला कास्की, पोखरा म.न.पा, वडा नं. १७
७)	**ऋणी फर्म: राधेश्याम कुखुरा पालन फारम**, प्रोप्राईटर तथा जमानीकर्ता: बुद्धिलाल महतो दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही, मलंगवामा प्र.प.नं.: ६१८२/०७३/०७४, दर्ता मिति २०७३/११/१२, ठेगाना: जिल्ला सर्लाही, मलंगवा न.पा. वडा नं. ११
८)	**१) ऋणी फर्म: मोमताज गल्ला भण्डार**, प्रोप्राईटर तथा जमानीकर्ता: मो. लियाकत अली दर्ता नं.: वाणिज्य विभाग, जनकपुर, धनुषामा प्रा.फ.र.नं. १६३५९/११२६/२०७७/०७८, दर्ता मिति २०७७/०८/१८, ठेगाना: जिल्ला धनुषा, सबैला न.पा वडा नं. ४
	२) ऋणी: मो. लियाकत अली स्थायी ठेगाना: धनुषा जिल्ला, पटेर्वा गा.वि.स. वडा नं.८, हालको ठेगाना: धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. ४, बाबु: अमिर मियाँ, बाजे: रहिमन मियाँ
९)	**१) ऋणी फर्म: जनसेवा डेरी उद्योग**, प्रोप्राईटर तथा जमानीकर्ता: अमिरका यादव दर्ता नं.: घरेलु तथा साना उद्योग विभाग, उद्योग विकास शाखा, लहान, सिरहामा प्रा.फ.न.घ.उ.सि. ७६४४/०७४/७५, दर्ता मिति: २०७४/०७/१३, ठेगाना: जिल्ला सिरहा, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ६ ख (हाल विष्णुपुर गा.पा. वडा नं. १)
	२) ऋणी: हरि देव यादव स्थायी ठेगाना: सिरहा जिल्ला, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ६, हालको ठेगाना: सिरहा जिल्ला, विष्णुपुर गा.पा. वडा नं. १, बाबु: देव नाथ यादव, बाजे: फौदी यादव
१०)	**ऋणी फर्म: चमेना कोल्ड ड्रिंक्स**, प्रोप्राईटर तथा जमानीकर्ता: निकी नेपाली दर्ता नं.: वाणिज्य विभाग, वाणिज्य कार्यालय, वीरगंजमा प्रा.फ.र.नं. २१४१३/०६१/६२, दर्ता मिति २०६१/०६/११, ठेगाना: जिल्ला पर्सा, वीरगंज न.पा. वडा नं. १६
११)	**ऋणी: समिर ढुंगेल** स्थायी ठेगाना: धनुषा जिल्ला, भरतपुर गाउँ पञ्चायत वडा नं. १, हालको ठेगाना: धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ९ बाबु: शम्भु प्रसाद ढुंगेल उपाध्याय, बाजे: राम प्रसाद उपाध्याय
१२)	**ऋणी फर्म: अमन कृषि फार्म**, प्रोप्राईटर तथा जमानीकर्ता: अनीता देवि साह दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा सा.फ./प्रा.फ.नं.घ.उ.सि.: १३८९१/०७८/०७९, दर्ता मिति २०७८/०८/१२, ठेगाना: जिल्ला सिरहा, व्रम्हपुरी गा.वि.स. वडा नं. १ (हाल अर्नमा गा.पा. वडा नं. २)
१३)	**ऋणी फर्म: माँ दुर्गा गल्ला भण्डार**, प्रोप्राईटर तथा जमानीकर्ता: सविता कुमारी मिश्र दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. १०५८७/१३०७, दर्ता मिति २०७७/१०/१८, ठेगाना: जिल्ला रौतहट, करँच कर्मैया गा.वि.स. वडा नं. ३ (हाल देवाही गोनाही न.पा. वडा नं. ६)
१४)	**ऋणी फर्म: नायक ट्रेड एण्ड सप्लायर्स**, प्रोप्राईटर तथा जमानीकर्ता: दिगेश्वर नायक दर्ता नं.: वाणिज्य विभाग, वाणिज्य कार्यालय, वीरगंज, पर्सामा प्रा.फ.र.नं. १५/०७४/७५, दर्ता मिति २०७४/०८/१४, ठेगाना: जिल्ला सर्लाही, कविलासी न.पा. वडा नं. ७
१५)	**ऋणी: भागीरथ साह** स्थायी ठेगाना: सिरहा जिल्ला, बडहरामाल गा.वि.स. वडा नं. ८, हालको ठेगाना: सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ५ बाबु: लक्ष्मि नारायण साह हलुवाई, बाजे: असर्फी साह
१६)	**ऋणी: श्याम यादव** स्थायी ठेगाना: धनुषा जिल्ला, लक्ष्मीपूर बगेवा गा.वि.स. वडा नं. ३, हालको ठेगाना: धनुषा जिल्ला, लक्ष्मीनियाँ गा.पा. वडा नं. ६ बाबु: गंगा सागर यादव, बाजे: राम सागर यादव
१७)	**ऋणी फर्म: राजबिर रेडिमेड फेन्सी एण्ड जेनरल स्टोर**, प्रोप्राईटर तथा जमानीकर्ता: सुर्य नाथ महासेठ दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.र.नं. ४९३९, दर्ता मिति २०७२/११/३०, ठेगाना: जिल्ला सिरहा, फूलवारिया गा.वि.स.वडा नं. ४ क (हाल मिर्चैया न.पा. वडा नं. ६)
१८)	**ऋणी फर्म: शान्ती पशु तथा कृषि फार्म**, प्रोप्राईटर तथा जमानीकर्ता: शान्ती कुमारी देवी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा उद्योग दर्ता नं.: ८२९६/९९३/१७३/४० (वृन्दावन), दर्ता मिति २०७७/०८/१९, ठेगाना: जिल्ला रौतहट, वृन्दावन न.पा. वडा नं. ८
१९)	**१) ऋणी फर्म: ।। श्री नमः ।। बिजनेश लिंक**, प्रोप्राईटर तथा जमानीकर्ता: मंजु आले मगर दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, बारामा प्रा.फ.र.नं.: २३६३/०६९/७०, दर्ता मितिः २०६९/०८/११, ठेगाना: जिल्ला बारा, निजगढ न.पा. वडा नं. ९
	२) ऋणी फर्म: सुगम स्पाईस इण्डष्ट्रिज, प्रोप्राईटर तथा जमानीकर्ता: शिव आले दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारामा प्रा.फ.नं.घ.उ.वि. ३९५८/५०/०६७/०६८, दर्ता मिति २०६७/०६/१३, ठेगाना: जिल्ला बारा, निजगढ गा.वि.स. वडा नं. ९
२०)	**ऋणी फर्म: बिन्दवासिनी ट्रेड एण्ड सपलायर्स**, प्रोप्राईटर तथा जमानीकर्ता: चन्द्रिका प्रसाद महतो दर्ता नं.: वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंज, पर्सामा प्रा.फ.र.नं ३९९९९/०७७/७८, दर्ता मिति २०७७/०४/०४, ठेगाना: जिल्ला पर्सा, वीरगंज म.न.पा. वडा नं. १६, पावरहाउस चोक
२१)	**१) ऋणी फर्म: न्यू निशा पोल्ट्री फर्म**, प्रोप्राईटर तथा जमानीकर्ता: अनुप महतो दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, वीरगंज, पर्सामा लघु उद्यम दर्ता नं. ५१/०७३/०७४, दर्ता मिति २०७४/०२/२९, ठेगाना: जिल्ला पर्सा, हरपतगंज गा.वि.स. वडा नं. ३
	२) ऋणी: अनुप महतो स्थायी ठेगाना: पर्सा जिल्ला, हरपतगंज गा.वि.स. वडा नं. १, हालको ठेगाना: पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २०, बाबु: गोपीचन्द महतो कोइरी, बाजे: शिवनन महतो कोइरी
२२)	**१) ऋणी फर्म: शामतेन टेड्र्स**, प्रोप्राईटर तथा जमानीकर्ता: शेसन कुमारी खुलाल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही, मलंगवामा प्रा.फ.नं. १०९२५/०७८/०७९, दर्ता मिति २०७८/०४/२१, ठेगाना: जिल्ला सर्लाही, इश्वरपुर न.पा. वडा नं. ६
	२) ऋणी: कुमार लामा स्थायी ठेगाना: सर्लाही जिल्ला, इश्वरपुर गा.वि.स. वडा नं. २, हालको ठेगाना: सर्लाही जिल्ला, इश्वरपुर न.पा. वडा नं. ६, बाबु: भरत लामा, बाजे: कान्छा लामा छेदुप
२३)	**ऋणी: काशिन्द्र प्रसाद यादव** स्थायी ठेगाना: सिरहा जिल्ला, न.वल्कवा गा.वि.स. वडा नं. १, हालको ठेगाना: सिरहा जिल्ला, नरहा गा.पा. वडा नं. ५, बाबु: राम भरोस यादव, बाजे: लक्ष्मी यादव
२४)	**१) ऋणी फर्म: राजदेवी मुढी मील**, प्रोप्राईटर तथा जमानीकर्ता: संजय कुमार साह दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरधाममा प्रा.फ.द.प्र.प.नं. ८०३०/१६८/०७१/७२, दर्ता मिति २०७१/०८/०४, ठेगाना: जिल्ला धनुषा, धनुषाधाम न.पा. वडा नं. २
	२) ऋणी फर्म: श्री महाविर जेनरल स्टोर्स, प्रोप्राईटर तथा जमानीकर्ता: संजय कुमार साह दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरधाममा प्रा.फ.र.नं. २०६९/१०८/०६७/०६८, दर्ता मिति २०६७/०६/०५, ठेगाना: जिल्ला धनुषा, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. ७
२५)	**१) ऋणी फर्म: सहाना ईन्टरप्राईजेज**, प्रोप्राईटर तथा जमानीकर्ता: मो. तौकिर मिया मुकेरी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यलय, सर्लाही, मलंगवामा प्रा.फ.नं. ५१३९/०७३/०७४, दर्ता मिति २०७४/०३/०७, ठेगाना: जिल्ला सर्लाही, ईश्वरपुर न.पा. वडा नं. ६
	२) ऋणी: मो. तौकिर मियाँ मुकेरी स्थायी ठेगाना: सर्लाही जिल्ला, भौंडसर गा.बि.स वडा नं. ५, हालको ठेगाना: सर्लाही जिल्ला, ईश्वरपुर न.पा. वडा नं. ६, बाबु: ऐनुल हक मिया, बाजे: ओरसली मियाँ
२६)	**ऋणी: विजय प्रसाद थारु** स्थायी ठेगाना: रुपन्देही जिल्ला आनन्दवन गा.वि.स. वडा नं. ५, हालको ठेगाना: रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ५, बाबु: नाथु थारु, बाजे: राम आसरे थारु
२७)	**ऋणी: अशोक कुमार जैसवाल** स्थायी ठेगाना: रुपन्देही जिल्ला, सिद्धार्थनगर न.प. वडा नं. ६, हालको डेगाना: रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६, बाबु: केदारनाथ जैसवाल, बाजे: जागेश्वरलाल जैसवाल
२८)	**ऋणी फर्म: आलमदेवी ट्रेडर्स**, प्रोप्राईटर तथा जमानीकर्ता: अर्जुन पाण्डेय दर्ता नं.: वाणिज्य कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. २९६०७/०६९/७०, दर्ता मितिः २०६९/०८/२८, ठेगाना: जिल्ला रुपन्देही, बुटवल न.पा. वडा नं. ११
२९)	**१) ऋणी कम्पनी: चौधरी मल्टि प्रपोज कम्पनी प्रा.लि.**, संचालक तथा जमानीकर्ता: श्यामेश चौधरी र पुरुषोत्तम भुसाल दर्ता नं.: उद्योग विभाग शाखा, घोराही, दाङमा प्रा.लि.र.नं. ०६/१५९, दर्ता मितिः २०७४/०७/३०, ठेगाना: जिल्ला दाङ, राप्ती गा.पा. वडा नं. २
	२) ऋणी: पुरुषोत्तम भुसाल स्थायी ठेगाना: दाङ जिल्ला, लालमटिया गा.वि.स. वडा नं. ४, हालको ठेगाना: दाङ जिल्ला, राप्ती गा.पा. वडा नं. २, बाबु: ऋषिराम भुसाल, बाजे: आत्माराम भुसाल

सांग्रिला डेभलपमेन्ट बैंकले दियो अक्सिजन कन्सेन्ट्रेटर



काठमाडौं/ सांग्रिला डेभलपमेन्ट बैंकले मुस्ताङको घरपझोङ गाउँपालिका- ३, स्याङ गाउँस्थित आधारभूत स्वास्थ्य सेवा केन्द्रलाई स्वास्थ्य सामग्री अर्थात् अक्सिजन कन्सेन्ट्रेटर हस्तान्तरण गरेको छ। हस्तान्तरण कार्यक्रममा बैंकको जोमसोम शाखाका प्रबन्धक टासी थकालीले स्वास्थ्य सेवा केन्द्रकी अनमी आसमाया परियार तथा वडासदस्य वीरप्रसाद थकालीलगायतलाई अक्सिजन कन्सेन्ट्रेटर हस्तान्तरण गरे।

सो अवसरमा शाखा प्रबन्धक थकालीले बैंकले प्रत्येक वर्ष विभिन्न संघ-संस्था र विद्यालयमा स्वास्थ्य तथा शैक्षिक सामग्री तथा छात्रवृत्ति उपलब्ध गराउँदै आएको र यही क्रमलाई आगामी दिनमा पनि जारी राख्ने बताए। स्वास्थ्य सेवा केन्द्रकी अनमी परियारले अक्सिजन कन्सेन्ट्रेटरले विशेष गरी दम र निमोनियाका बिरामीको उपचारमा सहयोग पुग्ने बताइन्। उनले स्वास्थ्य संस्थाका लागि अत्यावश्यक रहेको अक्सिजन कन्सेन्ट्रेटर' उपलब्ध गराएकामा बैंकलाई धन्यवादसमेत दिइन्।

हस्तान्तरण कार्यक्रममा घरपझोङ गाउँपालिका- ३ का सदस्य थकालीले स्याङ आधारभूत स्वास्थ्य सेवा केन्द्रको आवश्यकतालाई हेरी स्वास्थ्य सामग्री उपलब्ध गराएर नागरिकको स्वास्थ्य उपचारमा सांग्रिला डेभलपमेन्ट बैंकले महत्त्वपूर्ण योगदान गरेको बताए। बैंकले देशभरका कुल एक सय नौ शाखा कार्यालय र ३० एटिएममार्फत सेवा प्रवाह गर्दै आएको छ।

मुक्तिनाथ विकास बैंक र एक्सपर्ट एजुकेसनबिच सम्झौता

काठमाडौं/ मुक्तिनाथ विकास बैंकले विदेश अध्ययन गर्न जाने विद्यार्थीले भुक्तानी गर्नुपर्ने भिजा तथा शैक्षिक शुल्क मुक्तिनाथ विकास बैंकबाटै तिर्न सकिने सेवाको सुरुवात गरेको छ। एक्सपर्ट एजुकेसन तथा भिजा सर्भिस, महाराजगन्ज र बैंकबिच एक सम्झौता गरी शैक्षिक शुल्क भुक्तानीसम्बन्धी कार्यको सुरुवात गरिएको हो।

विदेश अध्ययन गर्न जाने नेपाली विद्यार्थीले भिजा फी, स्याट तथा सेभिज फी, पिटिई, एप्लिकेसन फी तथा जिम्याटलगायतका शैक्षिक शुल्क बैंकबाटै भुक्तानी गर्न सक्नेछन्। बैंकले यो सेवा हालका लागि महाराजगन्ज र कमलादी शाखाबाट सुरु गरेको जनाएको छ। बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न भिजा नेटवर्कअन्तर्गत जुनसुकै बैंकका एटिएमबाट रकम झिक्दा विशेष छुटको व्यवस्था गरिएको जनाएको छ।

अब रेमिट्यान्स सीधै महालक्ष्मीको खातामा

काठमाडौं/ महालक्ष्मी विकास बैंकले अन्तर्राष्ट्रिय रेमिट्यान्स सीधै खातामा प्राप्त गर्न सकिने सुविधाको सुरुवात गरेको छ। यसअन्तर्गत ग्राहकले मोबाइल बैंकिङ एप महालक्ष्मी स्मार्ट साथीमार्फत रेमिट्यान्स खातामा प्राप्त गर्न सक्नेछन्। विदेशबाट पैसा पठाउने व्यक्तिको विवरण, रेमिट्यान्स एजेन्ट र मनी ट्रान्सफर कन्ट्रोल नम्बर एपमा प्रविष्ट गरी रकम खातामा प्राप्त गर्न सकिने बैंकले जनाएको छ। एक सयभन्दा बढी अन्तर्राष्ट्रिय रेमिट्यान्स कम्पनीहरूबाट पठाइएको रकम सजिलै प्राप्त हुने बताइएको छ। यो सुविधासँगै अब ग्राहक रेमिट्यान्स काउन्टर वा पेमेन्ट एजेन्टकामा जानुपर्ने बाध्यताको अन्त्य हुने, लाइनमा बस्नुपर्ने साथै समयको समेत बचत हुने बैंकको भनाइ छ। मोबाइल बैंकिङ एपमै एकीकृत गरी यस किसिमको विप्रेषण सेवा प्रदान गर्ने विकास बैंकहरूमा महालक्ष्मी पहिलो बैंक बनेको छ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
त्रिशुली अस्पताल
नुवाकोट, नेपाल

क्याटलग सपिङ्ग विधिबाट कम्प्युटर तथा बारकोड रिडर खरिद सम्बन्धी सिलबन्दी प्राविधिक प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०३/१०

यस त्रिशुली अस्पतालको आ.ब. ०८१/०८२ को स्विकृत बार्षिक कार्यक्रम अनुसार कम्प्युटर तथा बारकोड रिडर सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संसोधन २०७३) को दफा ८ को उपदफा १(क)(८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संसोधन) को नियम ३१(ख) बमोजिम त्यस्तो कम्प्युटर तथा बारकोड रिडर उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम कम्प्युटर तथा बारकोड रिडरको उत्पादकको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर र कम्पनीको आधिकारिक मुल्य खुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखी तपसिलमा उल्लेख भए बमोजिम सिलवन्दी प्राविधिक र आर्थिक प्रस्ताव दर्ता गराउन हुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. सिलबन्दी प्रस्ताव सम्बन्धी कागजात यस अस्पतालबाट निःशुल्क प्राप्त गर्न सकिनेछ।
२. उक्त प्रस्ताव लिनका लागि ईच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक विक्रेताहरुले आफ्नो फर्म/कम्पनी दर्ता, प्यान/भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization र आ.ब. २०८०/०८१ को आयकर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु तथा फर्म/कम्पनीको अनुरोध पत्र सहित सूचना प्रकाशित भएको मितिले सातौ दिन अस्पतालमा कार्यालय समय भित्र उपस्थित हुनुपर्नेछ।
३. यो सूचना प्रथम पटक प्रकाशित भएको आठौ दिन (मिति २०८२/०३/१७ गते १२:०० बजे भित्र यस अस्पतालमा सिलबन्दी प्रस्ताव दर्ता गराई सक्नुपर्नेछ र दर्ता भएको सिलबन्दी प्रस्ताव सोही दिन १३:०० बजे खोलिनेछ।
४. साथै सूचिकृत नभएका उत्पादक वा अधिकृत विक्रेता कम्पनीहरुले सूचिकृत गराई उल्लेखित सिलबन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।
५. कम्प्युटर तथा बारकोड रिडरको विस्तृत स्पेसिफिकेसन यस अस्पतालको सूचना पाटि वा वेभसाइटमा हेर्न सकिनेछ ।

क्र.सं.	ठेक्का नं.	खरिद गरिने सामाग्रीको नाम	संक्षिप्त विवरण	संख्या	कैफियत
१	TH/CS/GOODS/IT/081/82-01	कम्प्युटर र बारकोड रिडर	प्राविधिक स्पेसिफिकेसनमा उल्लेख भए बमोजिम	३०	संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ।

३०)	**ऋणी फर्म: श्री पशु पति कृषि फर्म**, प्रोप्राईटर तथा जमानीकर्ता: कपिला शर्मा (खड्का) दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, दाङमा प्रा.फ.र.नं. ३५६/११४३०, दर्ता मितिः २०७६/०७/२९, ठेगाना: जिल्ला दाङ, लमही न.पा. वडा नं. ८
३१)	**ऋणी फर्म: राप्ती भैंसी पालन तथा कृषि फर्म**, प्रोप्राईटर तथा जमानीकर्ता: इलियास मुसलमान दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, दाङमा प्रा.फ.दर्ता:- १३४८/२१२०३-१०-२०७८/७९, दर्ता मितिः २०७८/१०/०७, ठेगाना: जिल्ला दाङ, गढवा गा.पा. वडा नं. ५
३२)	**ऋणी: नीर बहादुर मल्ल** स्थायी ठेगाना: चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. १३, हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ५, बाबु: नर सिंह बहादुर मल्ल, बाजे: गगन बहादुर मल्ल
३३)	**ऋणी: भुवलराज बज्राचार्य** स्थायी ठेगाना: धादिङ्ग जिल्ला, कल्लेरी गा.वि.स. वडा नं. ५, हालको ठेगाना: काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ९, बाबु: इनिराज बज्राचार्य, बाजे: काशी राज बज्राचार्य
३४)	**ऋणी फर्म: श्री कृष्ण वेभरेज**, साझेदार तथा जमानीकर्ताहरु: १) मेघ नाथ चौलागाई, २) लक्ष्मी प्रसाद प्रसाई दर्ता नं.: घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, काठमाडौंमा प्रा.फ.र.नं. ४०२०/२१५, दर्ता मिति २०६९/११/१०, ठेगाना: जिल्ला काठमाडौं, गोठाटार गा.वि.स. वडा नं. ९
३५)	**ऋणी: सुरेन्द्र महर्जन** स्थायी ठेगाना: ललितपुर जिल्ला, हरिसिद्धि गा.वि.स. वडा नं. २, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३१, बाबु: श्याम महर्जन, बाजे: चन्द्र गोविन्द महर्जन
३६)	**ऋणी कम्पनी: किंग्स हेभी इक्यूपमेन्टस् एण्ड रियल स्टेट प्रा.लि.**, संचालक तथा जमानीकर्ताहरु: शिव प्रसाद अधिकारी, विश्वनाथ नेपाल र रेनु नेपाल दर्ता नं.: वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा, दर्ता.नं. १९००७०/०७४/०७५, दर्ता मिति २०७५/०२/१०, ठेगाना: जिल्ला काठमाडौं, चन्द्रागिरी न.पा. वडा नं. १५
३७)	**ऋणी: डिल बहादुर खत्री** स्थायी ठेगाना: धादिङ जिल्ला, गङ्गाजमुना गा.पा. वडा नं. ७, हालको ठेगाना: काठमाडौं जिल्ला, नागार्जुन न.पा. वडा नं. २ बाबु: समान सिंह खत्री, बाजे: कृष्ण बहादुर खत्री
३८)	**ऋणी कम्पनी: हेम कुमारी एग्रो फार्म प्रा.लि.**, संचालक तथा जमानीकर्ता: सुसिल कार्की दर्ता नं.: वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १८२६९५/०७४/०७५, दर्ता मितिः २०७४/१०/१७, ठेगाना: जिल्ला ललितपुर, महालक्ष्मी न.पा. वडा नं. ९
३९)	**ऋणी फर्म: धनमाया कृषी तथा पशुपंक्षी फर्म**, प्रोप्राईटर तथा जमानीकर्ता: धनमाया मगर दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, बागमति प्रदेश, भरतपुर, चितवनमा प्रा.फ.द.नं. ५७६/०७८/०७९, दर्ता मितिः २०७८/०६/०४, ठेगाना: जिल्ला चितवन, रत्ननगर न.पा. वडा नं. १६
४०)	**ऋणी: राम कुमार खतिवडा** स्थायी ठेगाना: धादिङ जिल्ला, बैरेनी नगर/गा.पं. वडा नं. ८, हालको ठेगाना: धादिङ जिल्ला, बैरेनी गा.वि.स. वडा नं. ८, बाबु: हिम प्रसाद खतिवडा, बाजे: गेद प्रसाद खतिवडा
४१)	**ऋणी फर्म: एस मानवीया सप्लायर्स**, प्रोप्राईटर तथा जमानीकर्ता: शैलेन्द्र श्रेष्ठ दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्रा.फ.र.नं. १७५/२०८०/०८१, दर्ता मितिः २०८०/०६/१८, ठेगाना: जिल्ला चितवन, रत्ननगर न.पा. वडा नं. ११
४२)	**ऋणी फर्म: पोखरेल एकिकृत कृषि तथा पशुपंछी फार्म**, संचालक तथा जमानतकर्ता: आशिष पोखरेल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, बागमति प्रदेश, हेटौंडा, मकवानपुरमा प्राईभेट फर्म दर्ता नं. २७६७/१७०७/०७८/०७९, दर्ता मितिः २०७८/०५/०१, ठेगाना: जिल्ला मकवानपुर, हेटौंडा उ.म.न.पा. वडा नं. ७
४३)	**ऋणी: अंजली गुरुङ** स्थायी ठेगाना: गोरखा जिल्ला, सिम्जुङ गा.वि.स. वडा नं. ६, हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ११, बाबु: डिल वहादुर तमाङ, ससुरा: मोती लाल गुरुङ, पति: राम बहादुर गुरुङ
४४)	**ऋणी: सोहिन दोङ** स्थायी ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५, हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १३, बाबु: चन्द्र बहादुर दोङ, बाजे: जित बहादुर दोङ
४५)	**ऋणी: जिवन गोङ्वा** स्थायी ठेगाना: मकवानपुर जिल्ला, चुरीयामाई गा.वि.स. वडा नं. १, हालको ठेगाना: मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स./न.पा. वडा नं. १३, बाबु: इमान सिं गोङ्वा, बाजे: सेर सिं

नोट: ऋणी तथा प्रोप्राइटर/संचालकबाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ता/संचालकको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.नं. १७/०६९/०७७
मंगलबार १० असार ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ एएफसी महिला एसियन कप २०२६

२६ वर्षपछि छनोट हुने नेपालको लक्ष्य

रमेश सुवेदी/नयाँ पत्रिका

उज्वेकिस्तानमा पाँच दिनपछि एएफसी महिला एसियन कप २०२६ को छनोट प्रतियोगिता सुरु हुँदै छ। नेपालले अन्तिमपटक सन् १९९९ मा महिला एसिया कप खेलेको थियो। त्यसयता नेपालले छनोट चरण नै पार गर्न सकेको छैन। २६ वर्षपछि नेपालको लक्ष्य नै एसिया कपमा छनोट हुनु हो। मुख्य प्रशिक्षक प्याट्रिक डे बिल्डेको प्रशिक्षण रहेको नेपाली महिला टोलीले उज्वेकिस्तानसहित लाओस र श्रीलंकासँग खेल्नेछ। मुख्य प्रशिक्षक प्याट्रिकले समूह 'एफ'मा उज्वेकिस्तान नै आफूहरूको बलियो प्रतिद्वन्द्वी रहेको बताएका छन्।

नेपालले सन् १९८६ र १९९९ को एएफसी एसिया कप खेलेको थियो। २६ वर्षयता नेपालले छनोट चरण नै पार गर्न सकेको छैन।



छनोट खेलमा सहभागी हुनुअगाडि प्रशिक्षण गर्दै नेपाली महिला खेलाडी।

'हाम्रो टोली छनोटका लागि सकारात्मक छ। उज्वेकिस्तानमा राम्रो नतिजा निकाल्छौं,' अखिल नेपाल फुटबल संघ (एन्फा)ले सोमबार टोलीको बिदाइ गरेपछि मुख्य प्रशिक्षक प्याट्रिकले भने। कप्तान अञ्जिला तुम्बाप्पो सुब्बाले पनि एसिया कप खेल्ने अहिले सुनौलो अवसर रहेको बताएकी छिन्। छनोट प्रतियोगिताको शीर्ष स्थानमा रहने टोलीले अर्को वर्ष अस्ट्रेलियामा एसियन कप खेल्ने छ। नेपाली टोली तयार रहेको कप्तान अञ्जिलाको भनाइ छ। श्रीलंका र लाओसभन्दा उज्वेकिस्तान तुलनात्मक रूपमा बलियो रहेको प्रशिक्षक प्याट्रिकको बुझाइ छ।

'हाम्रो नजरमा सहभागी टोलीमध्ये बलियो प्रतिद्वन्द्वी नै उज्वेकिस्तान हो। उनीहरूको खेल माथिल्लो स्तरको छ,' उनले भने, 'शारीरिक, प्राविधिक तथा रणनीति हिसाबले पनि उज्जेकिस्तान बलियो छ। मैले यो चुनौती स्वीकार गर्नुपर्छ।' अस्ट्रेलियाले आयोजना गर्ने एसियन कपको सेमिफाइनलमा पुग्ने चारै टोलीले ब्राजिलमा हुने फिफा महिला विश्वकपमा समेत छनोट हुनेछन्।

बेल्जियमका प्याट्रिक नेपाली महिला फुटबलमा भित्रिएका पहिलो प्रो लाइसेन्स प्रशिक्षक हुन्। समग्रमा उनी महिला टोली हेर्ने दोस्रो विदेशी प्रशिक्षक हुन्। यसअघि अस्ट्रेलियन नागरिक ग्यारी फिलिप्सले महिला टोली हेरेका थिए। उनको प्रशिक्षणमा नेपाल पहिलो चरणभन्दा माथि जान सकेन। सन् २०२७ को विश्वकप खेल्नेसमेत योजना बनाएको एन्फाले यसपटक प्याट्रिकबाट कम्तीमा एसिया कप खेल्ने आशा छ। एन्फाका अध्यक्ष पंकजविक्रम नेम्वाङले आफू पनि हौसला बढाउन उज्वेकिस्तान पुग्ने बताए। 'तपाईंहरू विनादबाब खेल्नुहोस्। हामी छनोट हुन सक्छौं। तपाईंहरूलाई समर्थक गर्न म पनि उज्वेकिस्तान आउनेछु।'

३९ वर्षअघि एसिया कप खेलेको नेपाल

नेपाली महिला टोलीले सन् १९८६ मा हङकङमा आयोजना भएको एएफसी महिला च्याम्पियनसिपमा सहभागिता जनाएको थियो। समूह 'बी'मा रहेको नेपालले थाइल्यान्ड, इन्डोनेसिया र आयोजक हङकङसँग प्रतिस्पर्धा गऱ्यो। तीन खेलमा नेपालले १२ गोल खायो। जितविहीन रहेको नेपालले एक गोल पनि विपक्षीको पोस्टमा फर्काउन सकेन। पहिलो खेलमा नेपालले उत्कृष्ट प्रदर्शन गरी हङकङलाई १-० मा रोकेको थियो। दोस्रो खेलमा थाइल्यान्डले नेपाललाई ५-० ले हरायो। इन्डोनेसियासँगको खेलमा नेपाल ६-० ले पराजित भयो। त्यसपछि सन् १९९९ मा फिलिपिन्समा भएको प्रतियोगितमा नेपाल समूह 'सी'मा रह्यो।

यसपटक पनि नेपालले एक जित पनि निकाल्न सकेन। नेपालको समूहमा जापान, उज्वेकिस्तान, थाइल्यान्ड र फिलिपिन्स रहे। नेपालले चार खेलमा ३० गोल व्यहोरेको थियो। नेपालले उज्वेकिस्तानविरुद्ध एक गोल फर्काएको थियो। जापानसँगको प्रतिस्पर्धामा नेपाल १४-० र थाइल्यान्डसँग ५-० ले पराजित भएको थियो। फिलिपिन्सले पनि नेपालको पोस्टमा ५-० को गोल गऱ्यो। सन् १९९९ यता नेपालले एएफसी एसियन महिला कपमा स्थान बनाउन सकेको छैन।

फिफा वरीयतामा उज्वेकिस्तान ५१औँ स्थानमा

नेपाल सम्मलित समूह 'एफ'मा आयोजक उज्वेकिस्तानको फिफा वरीयतामाथि रहेको छ। फिफाले पछिल्लोपटक जारी गरेको महिला वरीयतामा उज्वेकिस्तान ५१औँ स्थानमा छ। यद्यपि, उज्वेकिस्तानले एक स्थान गुमाएको छ।

नेपालको वरीयता एक सय रहेको छ। नेपालले पनि एक स्थान गुमाएको हो। लाओसको वरीयता १०७ रहेको छ। दक्षिण एसियाली राष्ट्र श्रीलंका १५९औँ स्थानमा रहेको फिफाले जनाएको छ नेपालले २९ जुनमा लाओससँग खेल्दै छनोटको सुरु गर्नेछ। यसैगरी, २ जुलाईमा श्रीलंकासँग खेल हुनेछ। नेपालले आफूभन्दा ४९औँ स्थान माथि रहेको उज्वेकिस्तानविरुद्ध प्रतिस्पर्धा गर्नेछ।

श्रीलंकाको प्रशिक्षकमा नेपालका पूर्वप्रशिक्षक अब्दुल्लाह अल्मुताइरी छन्। नेपालकी कप्तान अञ्जिलाले एसिया कपको तयारी राम्रो भएको बताइन्। 'हामी लगातार अभ्यास गरिरहेका छौं। युरोपबाट आएपछि अभ्यासमा जोडिँदा राम्रो भएको छ,' उनले भनिन्, 'खेलाडीहरूको मनोबल उच्च छ। युवा र अनुभवी खेलाडीको सम्मिश्रण राम्रो छ।'

उज्वेकिस्तानमै पहिलो ११ खेलाडी घोषणा हुने

मुख्य प्रशिक्षक प्याट्रिकले नेपाली टोली हेरेको दुई साता बढी भएको छ। उनको नेतृत्वमा आधिकारिक रूपमा पहिलो खेल लाओससँग हुनेछ। दुई साताको प्रशिक्षण गराएका प्याट्रिकलाई पहिलो ११ खेलाडी छान्न सकस बनेको छ। 'अहिले पहिलो ११ बाट को-को खेल्छन् भन्न सक्ने अवस्था छैन,' उनले भने। उनलाई सहायक प्रशिक्षक राजेन्द्र तामाङले सहयोग गरिरहेका छन्। तामाङसँग नेपाली महिला टोलीसँग दुई दर्जनबढी अन्तर्राष्ट्रिय खेलको अनुभव छ।

गोलरक्षकमा अञ्जिलासँगै अञ्जना रानामगर र उषा नाथ छन्। रक्षकमा अमृता जैशी, प्रतीक्षा चौधरी, गीता राना, विमला विक, पूजा राना, निशा थोकर, समीक्षा घिमिरे, विमला चौधरी र मनमाया दमाईंमध्ये कसलाई राख्ने भन्ने छ। मिडफिल्डरमा प्याट्रिकलाई धेरै अवसर छ। पूर्वकप्तान रेनुका नगरकोटेसहित अनिता बस्नेत, प्रीति राई, सरु लिम्बू, सविता रानामगर, सरस्वती हमाल र अनिता केसी छन्। यता, स्ट्राइकरमा सावित्रा भण्डारीलाई रश्मिकुमारी घिसिङ, चन्द्रा भण्डारी र रेखा पौडेलले साथ दिन सक्छन्। 'अहिले कुन खेलाडी नै पहिलो ११ मा खेल्ने टुंगो छैन। सबै खेलाडीले निकै प्रतिस्पर्धा गरिरहेका छन्,' प्याट्रिकले भने।

नौ महिनापछि ओमानका क्रिकेटरले पाए पुरस्कार रकम

सन् २०२४ मा अमेरिका र वेस्ट इन्डिजले आयोजना गरेको टी-२० विश्वकपमा सहभागी ओमानका क्रिकेटरले अर्को महिनामा दुई लाख २५ हजार अमेरिकन डलर पुरस्कार रकम पाउने



एजेन्सी

गत वर्ष आइसिसी टी-२० विश्वकप खेलेका ओमानका क्रिकेटरले नौ महिनापछि पुरस्कार रकम पाउने भएका छन्। ओमान क्रिकेट बोर्डले अमेरिका र वेस्ट इन्डिजले गत वर्ष संयुक्त रूपमा आयोजना गरेको विश्वकपमा सहभागी खेलाडीहरूलाई पुरस्कार रकम दिने भएको हो। नौ महिनासम्म खेलाडीहरूको दबाबपछि बोर्डले घोषित रकम दिन राजी भएको एजेन्सीले जनाएको छ। राष्ट्रिय टोलीका मुख्य खेलाडीले पूर्वघोषित रकम नपाउँदासम्म अन्तर्राष्ट्रिय प्रतियोगिता नखेल्ने घोषणा गर्दै दबाब दिँदै आएका छन्।

खेलाडीहरूको दबाबपूर्ण आन्दोलनपछि बोर्डले उनीहरूको रकम दिने सोमबार जनाएको छ। बोर्डले प्रतिखेलाडीलाई जनही दुई लाख २५ हजार अमेरिकन डलर दिने भएको छ। खेलाडीलाई मात्र नभएर बोर्डले सपोर्ट स्टाफलाई वितरण गरिने जनाएको छ। अर्को महिना विशेष कार्यक्रममा खेलाडी र सपोर्ट स्टाफले रकम पाउनेछन्।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) र क्रिकेट बोर्डबिचको सममतिअनुसार प्रतियोगिता समाप्त भएको २१ दिनभित्र खेलाडीहरूलाई आइसिसीबाट प्राप्त रकम दिनुपर्छ। 'अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउँदा आइसिसीले प्रत्येक खेल र चरणमा रकम दिने गर्छ, तर हामीले नौ महिनादेखि रकम पाउन सकेनौं,' ओमानका खेलाडीले भने, 'हामी सबैले बोर्डमाथि दबाब सिर्जना गऱ्यौं त्यसपछि रकम दिने घोषणा भएको हो।'

■ आन्दोलन गर्दा

११ खेलाडी निलम्बित

आइसिसीले भने विश्वकपलगत्तै ओमान क्रिकेट बोर्डलाई रकम पठाएको थियो। तर, बोर्डले भने प्रक्रियागत ढिलाइ हुँदा खेलाडीले पुरस्कार रकम पाउन नसकेको जनाएको छ। खेलाडीले प्रतियोगितापछि नै रकम नपाएको विषय उठाउँदै आएका थिए। सन् २०२४ अक्टोबरमा इमर्जिङ टिम्स एसिया कपको दौरान खेलाडीले सामूहिक रूपमा दबाब सिर्जना गर्ने निर्णय गरेका थिए। त्यसवेला विरोध गरेका ११ खेलाडीको केन्द्रीय सम्झौता निलम्बन गरेको थियो।

बोर्डले खेलाडीलाई निलम्बन मात्र गरेन, अधिकांशलाई ओमान छाड्न बाध्य बनाइयो। खाडी मुलुकमा रोजगारीमा आधारित आवासीय अनुमति रहने भएकाले रोजगारी गुमेपछि उनीहरूले ओमान छाडेका थिए। ओमानका ओपनर कश्यप प्रजापति एजेन्सीसँगको अन्तर्वार्तामा भनेका छन्, 'हामीले विश्वकप खेलेर देशको प्रतिनिधित्व गर्‍यौं, तर हाम्रो करिअर नै सकिएको छ। हामीलाई देशै छाड्न बाध्य बनाइयो।'

उनी अहिले अमेरिकामा छन्। पूर्वकप्तान जिसन मकसुद र आकिब इलियासँगै आयान खान, बिलाल खान, सोएब खान, कश्यप प्रजापति, फैयाज बट कालिमुल्लाहलगायतका खेलाडीहरू टोलीबाट निकालिएका थिए। सन् २०२४ को टी-२० विश्वकपमा १३ देखि २०औँ स्थानमा पर्ने टोलीलाई आइसिसीले दुई लाख २५ हजार डलर पुरस्कार दिने घोषणा गरेको थियो।

खेल संक्षेप

चितवनले गऱ्यो कुशलसहित ६ खेलाडीलाई रिटेन

काठमाडौं/ चितवन राइनोजले नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो संस्करणका लागि अलराउन्डर कुशल मल्लसहित ६ खेलाडीलाई रिटेन गरेको छ। चितवनले कुशललाई पुनः मार्की खेलाडीका रूपमा रिटेन गरेको जनाएको छ। पहिलो संस्करणमा चितवन प्लेअफसम्म पुगेको थियो। चितवनले कुशलसहित रिजन ढकाल, दीपक बोहरा, अमरसिंह राउटेला, कमलसिंह ऐरी र गौतम केसीलाई रिटेन गरेको हो।



दोस्रो संस्करणको अक्सन हुनुअघि फ्रेन्चाइज टोलीहरूले खेलाडी रिटेन र रिलिज थालेका छन्। यसअघि सुदूरपश्चिम रोयल्सले राष्ट्रिय टोलीका उपकप्तान दीपेन्द्रसिंह ऐरीसहित विनोद भण्डारी, आरिफ शेख, अविनाश बोहरा, इशान पाण्डे र नरेन साउदलाई रिटेन गरेको थियो। चितवनले अधिल्लो सिजन टोलीमा रहेका विपिन रावल, दीपेश श्रेष्ठ, रञ्जित कुमार, सन्तोष कार्की र शरद भेसवाकरलाई रिलिज गरेको छ। नेपाल क्रिकेट संघ (क्यान)ले दोस्रो सिजन आगामी अगस्टमा गर्ने तयारी गरेको छ। चितवनले स्थिर र प्रतिभावान् टोली संरचनासँगै थप सुदृढीकरण योजनासहित एनपिएलको दोस्रो सिजनमा रोमाञ्चक र प्रतिस्पर्धात्मक प्रदर्शनका लागि तयार अवस्थामा रहेको जनाएको छ।

खेलकुदमन्त्रीद्वारा त्रिवि मैदानको निरीक्षण

काठमाडौं/ खेलकुदमन्त्री तेजुलाल चौधरीले कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानको सोमबार निरीक्षण गर्दै निर्धारित समयमै काम सकाउन निर्देशन दिएका छन्। अहिले प्यारापिट निर्माण र फ्लडलाइट जडानको काम भइरहेको छ। मन्त्री चौधरीले असारभित्र मैदानमा भइरहेका सबै निर्माण काम सकाउन निर्देशन दिएका हुन्।

यसअघि २४ वैशाखमा त्रिवि मैदानको सबै निर्माण सक्ने भनिएको थियो। अहिले मैदानमा ६ वटा फ्लडलाइट र १० हजार दर्शक क्षमताको प्यारापिट राख्ने काम भइरहेको छ। यसअघि प्रधानमन्त्री ओलीले गत वैशाख २२ मा सहरी विकास मन्त्रालय र निर्माण कम्पनीका प्रतिनिधिलाई बोलाएर छलफल गर्दै असार मसान्तसम्म काम पूरा गर्न समय दिएका थिए।

फुटसलमा २८ टोलीले भाग लिने

काठमाडौं/ सायम कलेजको आयोजनामा हुने हाइसेन्स नेपाल प्रथम सायम अन्तरकलेज सेभेन ए साइड फुटसल प्रतियोगितामा २८ छात्र टोलीले प्रतिस्पर्धा गर्ने भएको छ। प्रतियोगिता बुधबारदेखि सुरु हुनेछ।

प्रिन्सिपल अशोकराज पाण्डेले पहिलो संस्करणमा उल्लेखनीय टोलीले सहभागी भएको बताए। सहभागी टोलीलाई आठ समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइनेछ। प्रतियोगिताको विजेताले ९० हजार, उपविजेताले ४० हजार र तेस्रो हुने टोलीले २० हजार रुपैयाँ पाउने प्रिन्सिपल पाण्डेले बताए। उत्कृष्ट खेलाडीले पाँच हजार पाउनेछन्।

भ्याली पब्लिक र केभिकेएसएस क्वार्टरफाइनलमा

काठमाडौं/ भ्याली पब्लिक र केभिकेएसएस एसडब्लुएससी एसईई श्री बाई श्री बास्केटबल प्रतियोगिताको महिलातर्फ सोमबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। भ्याली पब्लिकले वारियर्सलाई १५-११ र बलर्सलाई १७-११ ले पराजित गऱ्यो। केभिकेएसएसले मनास्लुलाई ९-७, त्रिज्योतिलाई ११-५ र जेबी स्कुललाई १३-८ ले हरायो।

महिलातर्फ वारियर्स, एनसिसिएस 'ए' र 'बी', एस्ट्रो बलस, ल्यान्डमार्क र त्रिज्योति पनि अन्तिम आठमा पुगेका छन्। पुरुषतर्फ भ्याली पब्लिक, मनास्लु 'ए' र 'बी', एनपी लायन्स 'ए' र जेबी स्कुल प्रिक्वार्टरफाइनलमा अन्तिम आठमा पुगेका छन्। प्रतियोगिताको पुरुषमा ३२ तथा महिलामा १८ टोली सहभागी छन्। दुवै समूहको विजेताले १५ हजार तथा उपविजेताले १० हजारसँगै प्लस टु अध्ययन गर्ने छात्रवृत्ति पनि पाउनेछन्।

अमेरिकामा कुडफुका कमल सम्मानित

काठमाडौं/ उमा कुडफु खेलाडी कमल मगर अमेरिकामा सम्मानित भएका छन्। नेपालमा उमा कुडफु खेलको विकास र विस्तारमा योगदान पुऱ्याएको र अन्तर्राष्ट्रिय प्रतियोगितामा मुलुकलाई पदक दिलाएको जनाउँदै कमललाई वरिष्ठ कानुन व्यवसायी खगेन्द्र घर्ती क्षेत्री र सिद्धार्थ लामालगायतले सम्मान गरेका हुन्। सम्मानित खेलाडीले दुई लाख ७४ हजार रुपैयाँ पाएका छन्। कमलले सम्मानबाट खेलाडीलाई आफ्नो खेलजीवन अगाडि बढ्न प्रेरणा मिल्ने बताए। च्याम्पियन मार्सल आर्ट्स क्लबका अध्यक्ष सुनील लामाले कमलको सफलताले नयाँ पुस्ताका लागि मार्गदर्शक बन्ने बताए। चौथो डानका कमल प्रशिक्षक र निर्णायकको भूमिका पनि निर्वाह गर्छन्। उनले इन्टरनेसनल ब्याटल अफ डेटोना, अमेरिका, युरोपियन च्याम्पियनसिप, बेलायत, डब्लुएमएसी प्यान्डेमिक गेम्स र अस्ट्रियामा भएका प्रतियोगितामा स्वर्ण जितेका छन्।

■ राष्ट्रिय महिला भलिबल

एपिएफले सेमिफाइनलमा पुलिसको सामना गर्ने

मकवानपुरमा पोष्टराज अधिकारी

हेटौंडामा चलिरहेको नेकोस कप राष्ट्रिय महिला भलिबल प्रतियोगितामाको सेमिफाइनलम समीकरण पूरा भएको छ। नेपाल एपिएफ, नेपाल पुलिस, गण्डकी प्रदेश र न्यु डाइमन्ड युथ क्लबले अन्तिम चारको स्थान पक्का गरेका छन्। प्रतियोगिताको मंगलबार हुने पहिलो सेमिफाइनलमा दुई विभागीय टोलीबिच प्रतिस्पर्धा हुनेछ। नेपाल एपिएफले पुलिसको सामना गर्नेछ। गण्डकीको सामना न्यु डाइमन्ड युथसँग हुनेछ।

प्रतियोगिताको समूह 'ए'बाट पुलिस विजेता तथा



गण्डकी उपविजेता हुँदै अन्तिम चारमा पुगेका हुन्। समूह 'बी'बाट न्यु डाइमन्ड विजेता र विभागीय टोली एपिएफ उपविजेता बने। लिग चरणको अन्तिम खेलमा न्यु डाइमन्डले मधेश प्रदेशमाथि २५-६, २५-१८ र २५-८ को सोझो सेटमा जित निकाल्यो। जितसँगै न्यु डायमन्ड समूहको शीर्ष स्थानमा उक्लियो। मधेश प्रदेशले लिगमा जितविहीन भयो। पुलिसले गण्डकीलाई हराउँदै समूह 'ए'को शीर्ष स्थानमा रह्यो। पुलिसले गण्डकीलाई २५-१३, २५-११ र २५-१९ ले हरायो। अनुभवी तथा राष्ट्रियस्तरका खेलाडीले भरिएको पुलिससामु गण्डकी कमजोर देखिएको थियो।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८२/०३/१० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्योता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दे-दस्तूर रकमसमेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
१) ऋणी: देव दत्त पन्त बाबुको नाम : धर्मानन्द पन्त बाजेको नाम : राम दत्त ठेगाना : शंकरपुर-०३, दार्चुला हालः मालिकार्जुन-०८, दार्चुला ना.प्र.नं. : १८३४/१५१५६ जारी गर्ने कार्यालय : जि.प्र.का. दार्चुला जारी मिति : २०५३/०९/२५ **कर्जा लिएको शाखा : दार्चुला**	क) नाम: राधा देवी पन्त बाबुको नाम : काशिराम बिष्ट पतिको नाम : धर्मानन्द पन्त ससुराको नाम : राम दत्त ठेगानाः शंकरपुर-०३, दार्चुला, हालः मालिकार्जुन-०८, दार्चुला ना.प्र.नं.: ३८५, जारी मिति : २०४४/११/१५ जारी गर्ने कार्यालयः जि.का., दार्चुला ख) नाम: बिन्दु पन्त बाबुको नाम : हरि दत्त भट्ट पतिको नाम : देव दत्त पन्त ससुराको नाम : धर्मानन्द पन्त ठेगानाः शंकरपुर-०३, दार्चुला, हालः मालिकार्जुन-०८, दार्चुला ना.प्र.नं.: ७२/३/०३६/२४, जारी मितिः २०७०/०२/१७ जारी गर्ने कार्यालय : जि.प्र.का., दार्चुला
सुरक्षणमा रहेको धितोको विवरणः श्री मालपोत कार्यालय दार्चुलामा राधा देवि पन्तको नाममा दर्ता कायम रहेको दार्चुला जिल्ला, शंकरपुर न.पा./गा.वि.स. वडा नं. ३ स्थित कि.नं. ४४ को क्षेत्रफल २०९०.६० वर्ग मिटरको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ऋणीको विवरण	जमानीकर्ताको विवरण
२) ऋणी: इन्द्र वहादुर राया बाबुको नाम : रत्न वहादुर राया बाजेको नाम : नरेन्द्र वहादुर राया ठेगाना : धनकुटा-१४, धनकुटा हालः धनकुटा-०९, धनकुटा ना.प्र.नं. : १७८/१०१६, जारी मिति : २०५९/०७/१२ जारी गर्ने कार्यालय : जि.प्र.का., धनकुटा **कर्जा लिएको शाखाः धनकुटा**	क) नाम: गीता भण्डारी बाबुको नाम : भुपाल भण्डारी पतिको नाम : इन्द्र व. राया ससुराको नाम : रत्न वहादुर राया ठेगाना : वेलहारा-०५, धनकुटा हालः धनकुटा-०९, धनकुटा ना.प्र.नं.: ०७३२०९, जारी मितिः २०५६/०७/१४ जारी गर्ने कार्यालय : जि.प्र.का., धनकुटा
सुरक्षणमा रहेको धितोको विवरणः श्री मालपोत कार्यालय धनकुटामा इन्द्र वहादुर रायाको नाममा दर्ता कायम रहेको धनकुटा जिल्ला, बेलहरा न.पा./गा.वि.स. वडा नं. ९ स्थित कि.नं. ५७४ र ४६४ को क्षेत्रफल क्रमशः १५८.९८ र २७२२.५५ वर्ग मिटर घर/जग्गा को तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

बैदेशिक यात्रा गर्ने यात्रु महानुभावहरूमा अध्यागमन कार्यालय, त्रि.अ.वि.को. अनुरोध

- भिजिट भिसा वा पर्यटक भिसामा विदेश जाँदै हुनुहुन्छ भने आफन्त भेट्ने र घुम्नेलगायत भिसाको उद्देश्य अनुसारका काम मात्र गर्नुहोस् र भिसाको अवधिभित्रै स्वदेश फर्कनुहोस्। भिजिट भिसामा घुम्न जान थप शुल्क वा दस्तुर नलाग्ने भएकोले भिजिट भिसामा पठाउनको लागि सेटिङको नाममा विचौलियाहरूले रकम माग गरेमा त्यस्तो रकम नबुझाउनु होस्।
- भिजिट वा पर्यटक भिसामा यात्रा गर्दा नक्कली कागजात पेश गर्ने, झुठ्ठा विवरण तयार गर्ने, भिसाको उद्देश्य विपरित एक देशको गन्तव्य भनी अन्यत्र देशको भ्रमण गर्ने, द्वन्द्वग्रस्त मुलुकहरुसम्म पुगी अलपत्र पर्ने, विदेशी सशस्त्र तथा सैनिक सेवामा प्रवेश गर्ने जस्ता गतिविधिहरुबाट सिर्जित अवस्थाको सम्बन्धमा व्यक्ति स्वयं नै जिम्मेवार हुने हुँदा यस विषयमा भ्रमण गर्ने मुलुकको पूर्ण जानकारी लिई आफ्नो भ्रमणको उद्देश्य अनुरुप मात्र कार्य गरी आफूलाई पूर्ण रुपमा सुरक्षित राख्न थप सजगता अपनाउनुहोस्।
- काम गर्ने मनसायले विदेश जाँदै हुनुहुन्छ भने भिजिट वा पर्यटक भिसामा नगई वर्किङ भिसा (Working Visa) मा नेपाल सरकारबाट श्रम स्वीकृति लिएर मात्र प्रस्थान गर्नुहोस्।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सूचीकृत भएका विश्वविद्यालयहरुमा भर्ना भएर विदेश जाने र सम्बन्धित विश्वविद्यालयहरुमा नपढी गलत ढङ्गबाट काम गर्दा समस्या आउन सक्ने एवं पछिल्ला दिनहरुमा अध्ययन भिसा (Study Visa) मा रहेर पनि काम गर्न एवं पैसा कमाउन सकिन्छ भनेर विभिन्न विचौलियाहरु मार्फत विदेशी विश्वविद्यालयहरुमा भर्ना भई काम गर्ने मनसायले भ्रमण गर्दै हुनुहुन्छ भने काम गर्ने र पढ्ने विषय अलग-अलग भएकोले यसमा थप सतर्कता अपनाउनुहोस्। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट NOC लिएर मात्र वैदेशिक अध्ययनमा जानु हुन।
- विदेश यात्रा गर्दा नेपालको विमानस्थलहरुबाट मात्र यात्रा गर्नुहोस्। भारत वा अन्य तेश्रो मुलुकको विमानस्थल भएर अन्य मुलुकमा यात्रा गर्दै हुनुहुन्छ भने नेपाली राजदूतावासबाट जारी हुने No Objection Certification (NOC) लिएर मात्र यात्रा गर्ने तथा महिलाहरूको हकमा भारतका विमानस्थल भएर तेश्रो मुलुक यात्रा गर्दै हुनुहुन्छ भने थप सजगता एवम् सावधानी अपनाउनुहोस्।
- वैदेशिक रोजगारीमा पठाउन इजाजत प्राप्त संस्थाले भिजिट वा पर्यटक भिसामा पठाउन खोजेमा सो सम्बन्धमा गोप्य सूचना दिनको लागि गृह मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग वा अध्यागमन विभागमा तुरुन्त सम्पर्क गर्नुहोस्।
- वैदेशिक रोजगारीको सिलसिलामा वा भिजिट भिसामा ठगीमा पर्नु भएमा वा पर्न लागेको शंका लागेमा नजिकको प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा प्रदेशमा रहेका श्रम तथा रोजगार कार्यालयहरू वा वैदेशिक रोजगार विभागमा तुरुन्त उजुरी गर्नुहोस्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com